# राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकको प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार

भदौं, २०७५

# विषय - सूची


१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकले गरेका निर्णयहरु ................................ १

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकको संक्षिप्त बिवरण ....................................२

३. आ.व.२०७४/७५ को वार्षिक प्रगति स्थिति ......................................................................७

४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति ...................................१३

५ पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति ......................................................................................२४

६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४२ औं बैठकका निर्णयहरुको प्रगति स्थिति..........................२६

७. विभिन्न मन्त्रालयहरूवाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न प्रस्तावित समस्याहरू ....३०

८. प्रमुख नतिजा सूचकहरुको आ.ब. ०७४/७५ को लक्ष्य तथा प्रगति .................................................३४

९. तेश्रो पक्ष तथा आन्तरिक मूल्याङ्कनका प्रतिवेदनको सारांश ............................................................३९

१०. आन्तरिक मूल्याङ्कन गरिएका आयोजनाहरुको मूल्याङ्कन प्रतिवेदनको सारांश ...................................४४

११. आयोजनाहरूको स्थलगत निरीक्षण.........................................................................................४८

१२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक बिवरण .................................................५४

## १. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकले गरेका निर्णयहरु

१. राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण जस्ता कार्यक्रमले संरक्षित क्षेत्र निर्धारण गरी विशेष व्यवस्थापन गरेको छ । उक्त कारणले पहाड मधेश जोड्ने राजमार्ग र विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्माणमा ढिलाई भईरहेको हुँदा संरक्षित क्षेत्रको संवेदनशिलता ध्यानमा राखि विकास निर्माण कार्यलाई द्रुत गतिदिन संरक्षित क्षेत्रको निश्चित क्षेत्रहरुबाट राजमार्ग, विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय योजना आयोगको समन्वयमा वन तथा वातावरण मन्त्रालय, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आगामी ४४ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक अगावै Corridor तोक्न खाका पेश गर्ने ।

२. सहरी विकास मन्त्रालयबाट भएका निर्माणाधिन संरचनाहरूको निरन्तरता सम्वन्धमा २०७५ कात्तिक मसान्त सम्ममा निर्माणाधिन संरचनाहरूको अद्यावधिक मूल्याङ्कन गरी संघीयताको कार्यान्वयनको सिलसिलामा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने संरचनाहरू तत् निकायबाटै सम्पन्न गर्ने गराउने व्यवस्था गर्ने ।

३. विद्युत, टेलिफोन, खानेपानी, ढल निकास निर्माण गर्ने निकायहरुले समन्वय नगरी आ-आफ्नो योजनाले सार्वजनिक निर्माण कार्य गर्नाले सहरी क्षेत्रमा समस्या परिरहेको हुँदा सहरी क्षेत्रलाई व्यवस्थित, सफा र स्वच्छ राख्न विद्युत, टेलिफोन, खानेपानी, ढल, सडक लगायत सार्वजनिक उपयोगिताका सेवाहरु संचालनका लागि एकीकृत योजनाका आधारमा निर्माण कार्य गर्न २०७५ चैत्र मसान्त सम्ममा राष्ट्रिय योजना आयोगको समन्वयमा सहरी विकास मन्त्रालयको नेतृत्वमा विषयगत मन्त्रालयहरुले एकीकृत सेवा ऐन (Integrated Utility Corridor Act) तर्जुमा गर्ने ।

४. स्वीकृत खरिद गुरु योजना अनुसार वार्षिक बजेट विनियोजन नभएको र खरिद योजना अनुसार कार्य सम्पादनको अनुगमन नभएको सन्दर्भमा सबै विषयगत मन्त्रालयले खरिद गुरू योजना अनुसार बन्ने वार्षिक खरिद योजना श्रावण मसान्तभित्र स्वीकृत गरी सो अनुसार अनुगमन गरी अद्यावधिक विवरण र प्रगति हुन नसकेको भए समस्या सहित उल्लेख गरी २०७५ असोज मसान्त भित्र राष्ट्रिय योजना आयोगमा पेश गर्ने र अर्थ मन्त्रालयले स्वीकृत खरिद गुरू योजना अनुसार वार्षिक बजेट विनियोजन गर्ने ।

५. विकास आयोजनाहरु तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकी प्रतिफल समेत सन्तोषजनक नभएको सन्दर्भमा राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन आदेश, २०७४) को कार्यादेश बमोजिम राष्ट्रिय आयोजना बैंक (National Project Bank) निर्माण गर्न विषयगत मन्त्रालय तथा निकायहरुले आयोजना बैंकमा समावेश हुने आयोजनाहरुको विवरण २०७५ कात्तिक मसान्त भित्र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा आयोगमा पेश गर्ने ।

६. कृषि क्षेत्रको विकासको लागि सिंचाइ प्रणालीमा ठुलो लगानी भईरहेको तर कतिपय सिंचाई क्षेत्रमा समेत वस्ती विकास तथा सहरीकरण भईरहेकोले लगानीको प्रतिफल प्राप् त गर्न नसकेको हुँदा सिंचाइ आयोजनाको स्वीकृत कमाण्ड क्षेत्रमा वस्ती विस्तार हुने कार्यलाई नियमन गर्नको लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहरी विकास मन्त्रालयको सहयोगमा २०७५ पौष मसान्त भित्र भू-उपयोग कार्ययोजना बनाउने ।

## २. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकको संक्षिप्त विवरण

### २.१ बैठकको संक्षिप्त विवरण

राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठक सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५।०५।२६मा बस्यो । बैठकमा माननीय मन्त्रीहरु, माननीय राज्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, महालेखा परीक्षक, नेपाल सरकारका मुख्य सचिव, नेपाली सेनाका प्रधान सेनापति, आयोगका माननीय सदस्यहरु, नेपाल सरकारका सचिवहरुको उपस्थिति रहेको थियो ।

### २.२ राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीको संक्षिप्त विवरण :-

बैठकमा माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कडेलज्यूबाट समष्टिगत आर्थिक सूचकहरु, आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति, बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरबका आयोजनाहरुको प्रगति स्थिति, पुनःनिर्माणसम्बन्धी प्रगति, समितिका विगतका निर्णयको कार्यान्वयन स्थिति तथा समस्याहरु, र विभिन्न मन्त्रालयहरुबाट निर्णयका लागि प्रस्तावित विषयहरुको सम्बन्धमा प्रस्तुत गर्नु भएको थियो ।

समीक्षा अवधि आ.व.२०७४/७५ मा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका आयोजनाहरुको संख्या २१८ (६३ प्रतिशत) रहेको पाइयो । त्यस्तै, ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या ६५ (१८.८ प्रतिशत) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या ३२ (९.२ प्रतिशत) रहेको पाइयो । बाँकी ३१ वटा आयोजनाहरुको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको पाइयो । त्यस्तै, राष्ट्रिय गौरबका विभिन्न २१ वटा आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या १६ (७६.२%), ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या २ (९.५ प्रतिशत) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या २ (९.५ %) रहेको पाइयो ।

### २.३ सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूले बैठकमा दिनुभएको निर्देशनः

१. राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु तोकिएको समयमै सम्पन्न हुनेगरी समयसीमासहित योजनामा श्रोत सुनिश्चितता गरेर मात्र शुरु गर्ने र सम्बद्ध पदाधिकारीको उत्तरदायित्व र जवाफदेहिता स्पष्ट गरी कार्यान्वयनमा लैजाने ।

२. चौधौं योजनाको हालसम्मको प्रगति सन्तोषजनक नदेखिएको सन्दर्भमा अवको बाँकी अवधिमा प्रभावकारीरुपमा लक्ष्य हासील हुनेगरी कार्यान्वयन गर्ने । आगामी पन्ध्रौं योजना तर्जुमा गर्दा स्पष्ट दीर्घकालीन सोच, लक्ष्य र नतिजा सूचकसहित योजना अवधिभित्रमा विकासशिल देशमा स्तरोन्नती गर्न र दिगो विकास लक्ष्यहरु हासिल गर्न योगदान पुग्ने गरी योजना तर्जुमा गर्ने ।

३ पूँजिगत खर्च अपेक्षाकृतरुपमा नभइरहेको अवस्थालाई हृदयङ्गम गर्दै कार्यक्रम तथा आयोजनाहरु निर्धारित समयमै सम्पन्न हुनेगरी कार्यान्वयन कार्ययोजना तयार गरी कार्य थालनी गर्ने ।

४. मुलुकको समग्र विकासका सन्दर्भमा आवश्यक जनशक्तिको लागि जनशक्ति योजना बनाएर अगाडी बढ्ने । देशको अर्थतन्त्रको सामर्थ्यलाई समेत ध्यानमा राखी संविधान प्रदत्त अधिकारलाई क्रमशः जनताले उपभोग गर्ने वातावरण बनाउने ।

५. सबै मन्त्रालय र निकायहरुले आ-आफ्नो वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा र कार्यान्वयन गर्दा उपभोगमुखि संस्कृतिलाई मात्र बढावा दिने गरी नभई उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने गरी गर्ने । उत्पादनका प्रक्रियामा प्रविधिको प्रयोग गर्ने र नवप्रवर्तनमा समेत जोड दिने। अखाद्य पदार्थको आयात र बिक्रिवितरणलाई रोक्दै स्वस्थकर खानेकुराको उपलब्धतामा जोड दिई खाद्य सुरक्षा कायम गर्न ध्यान दिने ।

६ लगानीको वातावरण बनाउन एकद्वार प्रणालीको व्यवस्था गरी निजी क्षेत्र र वैदेशिक प्रत्यक्ष लगानी बढाउने गरी उक्त प्रणालीको विकास गर्ने ।

७. विकास र सेवा प्रवाहको प्रक्रियामा सुशासनलई विशेष जोड दिने, भ्रष्टाचार नियन्त्रणकोलागि अन्य व्यवस्थाका अतिरिक्त आचारसंहितालाई कडाइकासाथ लागु गर्ने । सार्वजनिक सेवाका सबै नेतृत्व र मातहत कर्मचारीले काम शुरु गर्नुभन्दा अघि भ्रष्टाचार नगर्ने कुराको प्रतिवद्धता जनाई कार्य थालनी गर्ने।प्रदेश तथा स्थानीय तहमा प्रवाह भएको श्रोतबाट गारिएका कार्यको भौतिक एवं वित्तय प्रगति प्रतिवेदन लिने व्यवस्था गर्ने । दण्डहिनताको समस्या हो भने त्यसको अन्त्य गर्ने ।

८. विकास सम्बन्धि नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनकालागि सम्बद्ध अन्तर मन्त्रालय समन्वय गर्न र तत्काल समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगको भूमिकालाई अझ बढी सशक्त र प्रभावकारी बनाउने ।

९. विकास आयोजना कार्यान्वयनमा देखिएका समस्याको सम्बोधन गर्न नीतिगत व्यवस्था गर्नुपर्ने भएमा नीतिहरु पुनरावलोकन गर्ने, विधी र प्रणाली बनाउनु पर्ने हो भने सो समेत तयार गरी आयोजना व्यवस्थापनमा सुधार गर्ने । आयोजनाको लागत र समय नबढ्नेगरि आयोजना कार्यान्वयन व्यवस्थापन सुधार गर्ने ।

१०. राज्यबाट जारी गरिने विभिन्न परिचयपत्रको सट्टा एउटै परिचय पत्रमा सँग सबै सूचना आवद्ध हुनेगरी राष्ट्रिय परिचयपत्र जारी गर्ने ।

११. अर्थतन्त्रमा निजी क्षेत्रको योगदान बढी भएकोले आर्थिक लागत कम गर्ने गरी पुर्वाधार विकासमा जोड दिने । सार्वजनिक निकायबाट निर्माण गर्ने कार्यको लागत निजी क्षेत्रबाट हुने लागत भन्दा महङ्गो नहुनेगरी योजनाको लागत अनुमान तयार गर्ने ।

१२. द्विपक्षीय एवं बहुपक्षीय व्यपार असंतुलन कम गर्ने गरी आन्तरिक उत्पादनमा वृद्धि र आन्तरिक उत्पादनको उपभोगलाई प्राथमिकता दिई आयात व्यवस्थापन गर्ने ।

१३. नयाँ सरकारले जारी गरेका नीति तथा कार्यक्रम र वजेटबाट अपेक्षित नतिजा प्राप्त गर्ने गरी कार्ययोजना कार्यान्वयनमा जोड दिने ।

## २.४ छलफलमा उठेका बिषयहरु :

### माननीय अर्थमन्त्री श्री युवराज खतिवडा

भू-उपयोग नीतिलाई कार्यान्वयन गर्न यस सम्बन्धि कानून छिटो निर्माण गर्नु पर्ने।निजि क्षेत्रबाट कार्यन्वयन हुने आयोजनाको हकमा लगानि बोर्डले आयोजना बैंक बनाउदै छ । सार्वजनिक तवरबाट कार्यान्वयन हुने आयोजनाको हकमा राष्ट्रिय योजना आयोगले आयोजना बैंक बनाउनु पर्ने । आर्थिक विकासको लागि सहायता परिचालनमा पनि ध्यान दिनुपर्ने कुरामा जोड दिनु भयो ।

### माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेत

विकासका संभावना र उपलव्ध बजेट बिचको खाडल देखिएको हुँदा यसलाई कसरी पुरा गर्ने भन्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । विकास आयोजनाहरु मध्ये कुन निजी क्षेत्रलाई दिने, कुन सार्वजनिक निजी साझेदारीमा गर्ने र कुन सार्वजनिक क्षेत्र आफैले गर्ने भन्ने स्पस्ट हुनुपर्ने कुरा औल्याउनु भयो ।

### माननीय ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्री श्री बर्षमान पुन

निर्माण सामग्रीको अभावमा विकास निर्माण कार्य अघि बढ्न नसक्ने हुँदा नदीजन्य र खानीजन्य सामग्रीको उत्खनन् कार्यलाई व्यवस्थित गर्दै अघि बढ्नु पर्ने सुझाव दिनु भयो ।

### माननीय संस्कृति, पर्यटन, तथा नागरिक उडड्यन मन्त्री श्री रविन्द्र अधिकारी

आयोजनामा दोहोरिएर आईरहने समस्याहरुमा ध्यान दिनुपर्ने । आयोजनाको अनुगमन वर्षको एकपटक मात्र नगरि निश्चित समयावधि तोकेर विच विचमा गर्नु पर्ने । चालु आयोजना मात्र नभएर नयाँ आयोजनाको बारेमा पनि सोँच्नु पर्ने र आयोजना कार्यान्वयनमा सार्वजनिक निजी साझेदारी मोडेलमा जाने तर्फ ध्यान दिनुपर्ने उल्ेख गर्नु भयो ।

### माननीय उद्योग, वाणिज्य, आपूर्ति मन्त्री श्री मात्रिका यादव

सरकारी काम कहिले जाला घाम - प्रवृत्तिलाई कसरी हटाउने, एकद्वार प्रणालीको कार्यान्वयन कसरी प्रभावकारी बनाउने भन्ने कुरामा ध्यान दिनुपर्ने ।  बजार अनुगमनको समन्वय हुनुपर्ने । योजना छनौट सम्बन्धी अहिलेको कार्यशैलीले समृद्ध नेपाल र सुखी नेपालीको नारा सफल हुन नसक्ने  कुरा औंल्याउनु भयो ।

### माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्री थममाया थापा

तत्कालिन महिला विकास कार्यालयले गरेका कार्यहरु स्थानीय तहहरुले अपनाउन नसके जस्तो देखिन्छ । नामबाट नै कार्य जिम्मेवारी \भूमिका बुझिने गरी संरचना बनाउनु पर्ने कुरा औंल्याउनु भयो ।

### माननीय कानून, न्याय, तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकाल

काम /परिणाममा भिन्नता आए जस्तो अनुभूति जनस्तरबाट नभएको । सुकुम्बासी समस्याको समाधान दिनु पर्ने । बाढी ढुवानका समस्या समयमै समाधान गर्न पूर्व रोकथामका कार्यक्रम गर्नु पर्ने कुरामा बिशेष जोड दिनु भयो ।

### माननीय सहरी विकास मन्त्री श्री मोहम्मद इस्तीयाक राई

कार्यालयहरुको पुनसंरचना छिटो टुंगिनु पर्ने, व्यापार घाटा कम गर्न कुन कुन आयोजना सन्चालन गर्नुपर्ने हो रा.यो.आ. ले ध्यान दिनुपर्ने, नेपाललाई अन्तर्राष्ट्रिय transit कसरी बनाउन सकिन्छ ? भन्ने कुरामा बिशेष ध्यान दिनु पर्ने कुरामा जोड दिनु भयो ।

### माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणी पोखरेल

स्थानीय र प्रदेशलाई दिएको सशर्त अनुदानको उपयोगको प्रतिवेदन दिने लिने कार्य नभएको । यसको संयन्त्र छिटो बनाउनु पर्ने । सार्वजनिक शिक्षा सुधारको लागि विशेष पहल लिनुपर्ने । श्रोत र जनशक्तिलाई परिचालन गर्ने स्पष्ट आधारको अभावले गर्दा अहिले सम्म पनि विकासले गति पक्रन नसकेको कुरा औंल्याउनु भयो ।

### माननीय परराष्ट्र मन्त्री श्री प्रदिप ज्ञवाली

मन्त्रालयले उठाएका समस्या र समाधानका उपायहरु पर्याप्त नभएको । कतिपय सवालहरु Crosscutting खालका रहेको । कतिपय अवस्थामा र विषयमा सरकारबाट विशेष हस्तक्षेप (intervention) हुनुपर्ने । जस्तै व्यापार घाटा घटाउन के गर्न सकिन्छ ? FDI आकर्षित गर्न ध्यान दिनुपर्ने । यसको लागि यस क्षेत्रमा देखिएका व्यवधानहरु ह्टाउनु पर्ने । लगानीकर्तालाई सेवा दिन one window system बनाउनु पर्ने । project bank यथाशीघ्र तयार हुनुपर्ने । विदेशमा रहेका नेपाली मुलका समुदाय (Diaspora) को network बनाएर तिनको ज्ञानको उपयोग हुने वातावण बनाउनु पर्ने कुरा उल्लेख गर्नु भयो ।

### माननीय खानेपानी मन्त्री श्री विना मगर

आधा घण्टा भित्र पानीको श्रोतमा पहुँच पुग्ने लक्ष्यलाई भेट्टाउने गरी योजनाहरु बन्नुपर्ने कुरा उल्लेख गर्नु भयो ।

### माननीय उपप्रधान तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादव

रा.यो आ. को भूमिकाको मूल्यांकन गर्नु पर्ने समय आएको छ । Planning को गति back track मा गइरहेको देखिन्छ । विकासको पहिलो प्राथमिकता के हो ? योजना निर्माण र कार्यान्वयन पद्धतिले परम्परागतवाट छुट्कारा लिएर अगाडि बढ्नुपर्ने कुरामा बिशेष जोड दिनु भयो ।

### माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रघुविर महासेठ

रा.यो.आ. चाहिन्छ तर पुनसंरचित गर्नु पर्दछ । समस्याहरु दोहोरिरहेका छन् । यसको निराकरणमा बिशेष जोड दिनु पर्ने कुरा उल्लेख गर्नु भयो ।

### माननीय श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्ण विष्ट

व्यापार असन्तुलन हटाउन विशेष नीतिगत छलाङ मार्नु पर्ने देखिन्छ । आयोजना छनौटको वैज्ञानिक आधार तयार गर्नुपर्ने हुन्छ । रोजगारी अनिवार्य सिर्जना गर्ने गरी विकास बजेटको निश्चित प्रतिशत अंश रोजगारी सिर्जनामा खर्च गर्ने पर्ने गरी निर्णय लिनुपर्ने । हालको विकास बजेटको कम्तिमा २०% रकम रोजगारी सिर्जना गर्ने कार्यमा लगाउन सके वार्षिक करिब ४ लाखलाई रोजगारी सिर्जना गर्न सक्ने कुरा अध्ययनले देखाएका कुराको चर्चा गर्नु भयो ।

### माननीय गृह मन्त्री श्री राम बहादुर थापा "बादल"

विकासको सरल परिभाषा, अनुसार पनि किन विकास हुन सकेन ? विकाससंग जोडिएको महत्वपूर्ण पक्ष सुरक्षा र सुशासन हो । लगानीकर्ताहरुलाई सुरक्षा दिनुपर्ने हुन्छ । लगानी बढाउनका लागि लगानीकर्तालाई आश्वस्त पार्न सक्नुपर्छ । सुशासन कायम गर्न भ्रष्टाचार/अनियमितता रोक्नु पर्दछ । विकास र सुशासनलाई आन्तरिक सुरक्षा नीतिसंग जोड्नु पर्ने कुरा उल्लेख गर्नु भयो ।

### माननीय रक्षा मन्त्री श्री इश्वर पोखरेल

अन्तरमन्त्रालय/निकाय समन्वय हुनुपर्ने । गिटी बालुवा जस्ता नदीजन्य निर्माण सामाग्रीहरुको उत्खनन गर्न सकिएन भने निर्माण परियोजनाहरु कसरी सम्पन्न गर्ने भन्ने बारे चर्चा गर्नु भयो ।

### माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री चक्रपाणी खनाल

अन्तर मन्त्रालय समन्वय आवश्यक रहेको । आयोजना/योजना अनुगमन गर्दा कार्यान्वयनमा त्रुटी देखियो भने अगाडिको वाटो के हो पहिल्याउनु पर्दछ । सुधार/खारेजी के हुनु पर्ने हो समस्या पहिचान हुनु पर्दछ । आयोजना कार्यान्वयनमा देखिएका समस्याको समीक्षा सही ढंगबाट हुनु पर्ने । द्रुतगतिमा काम गर्ने तरिका पत्ता लगाउनु पर्ने लगायत परियोजनाको कार्यान्वयनको द्रुत खाका रा.यो.आ. ले ल्याउनु पर्ने बिषयमा विचार व्यक्त गर्नु भयो ।

### माननीय महालेखा परिक्षक श्री टंकमणी शर्मा

लामो अवधिसम्म पनि सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनामा विशेष ध्यान दिन सुझाव दिनु भयो ।

### माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेल

सहभागीहरुले उठाउनु भएका बिषयहरुका सम्बन्धमा स्पष्ट पार्दै बद्लिंदो परिवेशमा रा.यो.आ.को भूमिका पनि बद्लिएको र सोही बमोजिम दीर्घकालिन सोचपत्र र आगामी १५ औं योजनाको निर्माणमा योजना आयोग जुटिरहेको कुरा राख्नु भयो । साथै वहाँले हामी जुन गतिमा आगाडी जानु पर्ने हो त्यस गतिमा जान सकेका छैनौं । अनुगमन मुल्यांकन ऐन द्रुत गतिमा ल्याउनु छ , यसमा सबैको सहयोग आवश्यक रहेको छ । परम्परागत ढंगबाट योजना कार्यान्वयन गर्ने पद्धतिमा परिवर्तन ल्याउनु पर्ने खाँचो औंल्याउनु भयो । ख

# ३. आ.व.२०७४/७५ को वार्षिक प्रगति स्थिति

## ३.१ आयोजना तथा कार्यक्रमको संख्या तथा प्राथमिकीकरण

आ.व. २०७४/७५ मा सञ्चालित कुल ४६८ आयोजनाहरुमध्ये क्रमशः पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा ३४६, १०४ र १८ आयोजनाहरु रहेका छन् । यी मध्ये राष्ट्रिय गौरवका आयोजनाहरुको संख्या २१ रहेको छ ।

## ३.२ भौतिक प्रगति

पहिलो प्राथमिकतामा रहेका ३४६ आयोजनाहरुको भौतिक प्रगति देहायवमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाहरुको संख्या : २१८ (६३ प्रतिशत)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या :  ६५ (१८.८ प्रतिशत)
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या :  ३२ (९.२ प्रतिशत)

यी आयोजनाहरुको मन्त्रालयगत विस्तृत विवरण पृष्ठ तीनमा प्रस्तुत गरिएको छ । कुल ३१ (९ प्रतिशत) आयोजनाहरुको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको अवस्था छ ।

## ३.३ वित्तीय प्रगति

आ.व. २०७४/७५ को कुल बजेट र महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसार दोस्रो चौमासिक सम्मको बजेट र खर्च स्थिति देहाय वमोजिम रहेको छ ।

(रकम रु. करोडमा)

| विवरण | चालू | पूंजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कूल वार्षिक बजेट | ७७४५० | ३४२१७ | १६३१० | १२७९७७ |
| कूल खर्च | ६९६३३ | २६७२६ | १०९६५ | १०७३२४ |
| खर्च (प्रतिशतमा) | ९० | ७८ | ६७ | ८४ |

## ३.४ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति :

राष्ट्रिय गौरवका २१ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या :- १६ (७६.२ %)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या :- २ (९.५ %)
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या :- २ (९.५ %)
- प्रगति प्राप्त नभएका आयोजना संख्या - १ (पश्चिम सेती जलविद्युत (४.८ %)

### ३.५ पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाहरूको आ.व.२०७४/७५ को वार्षिक भौतिक प्रगति सारांश

| क्र.सं. | मन्त्रालय/निकाय | P1 आयोजना/ कार्यक्रमको संख्या | प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | ८० % वा सो भन्दा वढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति नखुलेका आयोजनाको संख्या |
| १ | कृषि, भूमिसुधार तथा सहकारी | | | | | |
| | क) कृषि विकास | ३० | २७ | ३ | | |
| | ख) भूमिसुधार तथा व्यवस्था | ६ | ५ | १ | ० | |
| | ग) सहकारी तथा गरिबी निवारण | २ | १ | | १ | |
| | घ) पशुपन्छी विकास | ११ | ६ | ४ | १ | |
| २ | वन तथा वातावरण | | | | | |
| | क) वन तथा भू-संरक्षण | १४ | १३ | १ | | |
| | ख) जनसंख्या तथा वातावरण | ५ | १ | १ | ० | ३ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति | | | | | |
| | क) उद्योग | १३ | ३ | ९ | १ | |
| | ख) वाणिज्य | ३ | | १ | १ | १ |
| | ग) आपूर्ति | १ | १ | | | |
| ४ | ऊर्जा, जलस्रोत तथा सिंचाइ | | | | | |
| | क) उर्जा | ३३ | ९ | ११ | ८ | ५ |
| | ख) सिंचाइ | २७ | २५ | १ | १ | |
| ५ | शिक्षा, विज्ञान तथा प्रविधि | ७ | ३ | १ | १ | २ |
| ६ | संघीय मामिला तथा सामान्य प्रशासन | | | | | |
| | क) संघीय मामिला तथा स्थानीय विकास | २२ | ११ | ६ | १ | ४ |
| | ख) सामान्य प्रशासन | १ | १ | | | |
| ७ | भौतिक पूर्वाधार तथा यातायात | ६१ | ३९ | १३ | ४ | ५ |
| ८ | शहरी विकास | १५ | ११ | ३ | १ | ० |
| ९ | खानेपानी | १८ | १८ | ० | ० | |
| १० | सञ्चार तथा सूचना प्रविधि | | | | | |
| | क) सूचना तथा सञ्चार तर्फ | २ | ० | ० | २ | |
| | ख) विज्ञान तथा प्रविधि तर्फ | १ | १ | | | |
| ११ | शान्ति तथा पुनर्निर्माण | २ | | | | २ |
| १२ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १० | ६ | २ | २ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४ | २ | २ | ० | |
| १४ | अर्थ | १४ | २ | १ | ६ | ५ |
| १५ | स्वास्थ्य तथा जनसंख्या | १८ | १६ | १ | ० | १ |
| १६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ७ | ४ | २ | १ | |
| १७ | युवा तथा खेलकूद | २ | १ | १ | | |
| १८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ | २ | | १ | |
| १९ | गृह | २ | १ | | | १ |
| २० | रक्षा | १ | १ | | | |
| २१ | राष्ट्रिय योजना आयोग | २ | २ | | | |
| २२ | संवैधानिक निकायहरू | | | | | |
| | क) सर्वोच्च अदालत | १ | १ | | | |
| | ख) महान्यायाधिवक्ताको कार्यालय | १ | १ | | | |
| | ग) निर्वाचन आयोग | १ | १ | | | |
| | घ) लोक सेवा आयोग | १ | १ | | | |
| | ङ) अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १ | १ | | | |
| | च) महालेखा परीक्षकको कार्यालय | १ | १ | | | |
| २३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १ | | १ | | |
| २४ | अर्थ मन्त्रालय - विविध | २ | | | | २ |
| | **जम्मा** | **३४६** | **२१८** | **६५** | **३२** | **३१** |

## ३.६ मन्त्रालयगत खर्च विवरण (महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरण अनुसार)

| सि.नं | निकाय/मन्त्रालय | खुद बजेट (रु. करोडमा) | | | | खर्च प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालू | पूँजीगत | वित्तीय | जम्मा | चालू | पूँजीगत | वित्तीय | जम्मा |
| १ | राष्ट्रपति | १४.५ | ४.१ | | १८.६ | ९३% | ५१% | | ८४% |
| २ | उपराष्ट्रपति | ३.८ | ०.७ | | ४.६ | ९४% | ५९% | | ८८% |
| ३ | व्यवस्थापिका संसद | १६३.४ | १४.० | | १७७.४ | ५८% | ६९% | | ५९% |
| ४ | अदालत | ४३०.५ | ११२.३ | | ५४२.८ | ८५% | ८९% | | ८६% |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८६.३ | ३१.० | | ११७.३ | ७२% | ७२% | | ७२% |
| ६ | महालेखा परीक्षकको कार्यालय | ४२.१ | २४.८ | | ६७.० | ९१% | ९२% | | ९१% |
| ७ | लोक सेवा आयोग | ७३.१ | ६.८ | | ७९.८ | ९४% | ७९% | | ९३% |
| ८ | निर्वाचन आयोग | ९४९.५ | ५३.१ | | १००२.५ | ९०% | ७९% | | ८९% |
| ९ | राष्ट्रिय मानव अधिकार आयोग | २०.७ | १.७ | | २२.४ | ८०% | १००% | | ८२% |
| १० | महान्यायाधिवक्ताको कार्यालय | ७९.८ | ३३.४ | | ११३.२ | ८७% | ८२% | | ८६% |
| ११ | न्याय परिषद् | ६.६ | ०.९ | | ७.६ | ८७% | ६०% | | ८४% |
| १२ | राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग | २.६ | ७.१ | | ९.६ | ५०% | १००% | | ८७% |
| १३ | राष्ट्रिय महिला आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| १४ | राष्ट्रिय दलित आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| १५ | राष्ट्रिय समावेशि आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| १६ | आदिबासि जनजाति आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| १७ | मधेशि आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| १८ | थारु आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| १९ | मुस्लिम आयोग | २.६ | १.० | | ३.६ | ०% | ०% | | ०% |
| २० | प्रदेश प्रमुखहरु | १०.७ | ८.३ | | १९.० | ५८% | ८४% | | ६९% |
| २१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९४३४.२ | ४९८६.४ | | १४४२०.६ | १०२% | ४७% | | ८३% |
| २२ | अर्थ | ८११.८ | १९१.९ | | १००३.७ | ६५% | ५५% | | ६३% |
| २३ | आपूर्ति | ९९.७ | ७.१ | | १०६.८ | ९३% | ४५% | | ९०% |
| २४ | उद्योग | ३८२.० | ३४५.९ | | ७२७.९ | ५५% | ६१% | | ५८% |
| २५ | उर्जा | १७७.२ | २२२६.९ | ४४७.८ | २८५१.९ | ५०% | ९२% | १००% | ९१% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | कानून तथा न्याय | २०.८ | १.० | | २१.८ | ७१% | ८३% | | ७२% |
| २७ | कृषि तथा सहकारी | २०४७.३ | ३८०.१ | | २४२७.४ | ७७% | ७८% | | ७७% |
| २८ | खानेपानी तथा सरसफाई | १६७.० | २३४७.५ | | २५१४.५ | ७७% | ७९% | | ७९% |
| २९ | गृह | ५७१२.८ | ८३५.२ | | ६५४८.० | ९७% | ५७% | | ९२% |
| ३० | संस्कृति पर्यटन तथा नागरिक उड्डयन | ३९१.१ | १२२.३ | | ५१३.४ | ६८% | ७२% | | ६९% |
| ३१ | परराष्ट्र | ३५५.१ | २७९.१ | | ६३४.३ | ८९% | ५४% | | ७४% |
| ३२ | पशुपन्छी विकास | ४३८.७ | १४७.८ | | ६१३.५ | ७६% | ७३% | | ७५% |
| ३३ | वन तथा भूसंरक्षण | १०२९.० | ५०८.८ | | १५३७.८ | ८१% | ७५% | | ७९% |
| ३४ | बाणिज्य तथा आपूर्ति | ६७.५ | १११.० | | १७८.५ | ५२% | २७% | | ३६% |
| ३५ | जनसंख्या तथा वातावरण | ५९३.१ | १७१.५ | | ७६४.६ | ६३% | ४१% | | ५८% |
| ३६ | विज्ञान तथा प्रविधि | ४४.६ | ८५.५ | | १३०.१ | ८०% | ९२% | | ८८% |
| ३७ | भूमिसुधार तथा व्यवस्था | ५८०.९ | १२५.५ | | ७०६.४ | ७६% | ७३% | | ७५% |
| ३८ | भौतिक पूर्वाधार तथा यातायात | ७०८.२ | १०३३१.० | | ११०३९.२ | ९२% | ९२% | | ९२% |
| ३९ | महिला, बालबालिका तथा समाज कल्याण | २०४.७ | २०.९ | | २२५.६ | ६४% | ५८% | | ६४% |
| ४० | युवा तथा खेलकूद | २४५.३ | १.५ | | २४६.८ | ८७% | ९८% | | ८७% |
| ४१ | रक्षा | ३९०४.५ | ९८०.० | | ४८८४.५ | ९९% | ९८% | | ९९% |
| ४२ | सहरी विकास | ८२८.४ | २३०७.६ | | ३१३६.० | ८४% | ९०% | | ८८% |
| ४३ | शान्ति तथा पुनर्निर्माण | २७२.४ | ७७.८ | | ३५०.२ | ५४% | ७८% | | ५९% |
| ४४ | शिक्षा | ६५३१.२ | ३६.१ | | ६५६७.३ | ७०% | ६८% | | ७०% |
| ४५ | सहकारी तथा गरिबी निवारण | १५९.७ | ७.२ | | १६६.९ | ४५% | ५६% | | ४६% |
| ४६ | सामान्य प्रशासन | ११४.३ | ७.१ | | १२१.४ | ८७% | ४२% | | ८४% |
| ४७ | सिंचाइ | १८८.० | ३५३६.६ | ०.० | ३७२४.७ | ८२% | ९३% | | ९२% |
| ४८ | सूचना तथा सञ्चार | ४४३.१ | ५१.८ | ०.० | ४९४.९ | ९६% | ५०% | | ९१% |
| ४९ | संघीय मामिला तथा स्थानीय विकास | ४३८०.४ | २८७७.८ | ०.० | ७२५८.२ | ९८% | ५२% | | ८०% |
| ५० | स्वास्थ्य तथा जनसंख्या | २५९९.१३ | ७३५.८ | ०.० | ३३३४.९ | ७६% | ९१% | | ८०% |
| ५१ | श्रम तथा यातायात व्यवस्था | ९५.८५ | २२.२ | ०.० | ११८.० | ६३% | ७३% | | ६५% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५२ | राष्ट्रिय योजना आयोग | १२३.२ | ७.३ | ०.० | १३०.५ | ८१% | ४७% | | ७९% |
| ५३ | अर्थ वित्तीय व्यवस्था | ०.० | ०.० | ९२७८.० | ९२७८.० | | | ५३% | ५३% |
| ५४ | अर्थ आन्तरिक ऋण भक्तानी | १२४०.५ | ०.० | ३७०८.८ | ४९४९.२ | १००% | | १००% | १००% |
| ५५ | अर्थ बाह्य ऋण भुक्तानी | ४५२.९ | ०.० | २५२४.० | २९७६.८ | ७३% | | ६३% | ६५% |
| ५६ | अर्थ बाह्य ऋण भुक्तानी (द्विपक्षीय) | ६२.७ | ०.० | ३५१.३ | ४१४.० | ८७% | | ७५% | ७७% |
| ५७ | अर्थ कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ४८१८.३ | ०.० | ०.० | ४८१८.३ | ८७% | | | ८७% |
| ५८ | अर्थ बजेट विविध | २५२०.७ | ११.० | ०.० | २५३१.७ | ३% | ०% | | ३% |
| ५९ | प्रदेश | ७१४.६ | ०.० | ०.० | ७१४.६ | ९९% | | | १००% |
| ६० | स्थानीय तह | २२५८७.५ | ०.० | ०.० | २२५८७.५ | १०४% | | | १०४% |
| | कूल जम्मा | ७७४४९.५ | ३४२१७.४ | १६३०९.८ | १२७९७६.८ | ९०% | ७८% | ६७% | ८४% |

## ३.७ ५०% भन्दा कम पुंजीगत खर्च भएका निकाय/मन्त्रालयको खर्च विवरण

| सिनं. | निकाय/मन्त्रालय | खुद बजेट (रु. करोडमा) | | | | खर्च प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालू | पूँजीगत | वित्तीय | जम्मा | चालू | पूँजीगत | वित्तीय | जम्मा |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९४३४.२ | ४९८६.४ | | १४४२०.६ | १०२% | ४७% | | ८३% |
| २ | आपूर्ति | ९९.७ | ७.१ | | १०६.८ | ९३% | ४५% | | ९०% |
| ३ | बाणिज्य | ६७.५ | १११.० | | १७८.५ | ५२% | २७% | | ३६% |
| ४ | जनसंख्या तथा वातावरण | ५९३.१ | १७१.५ | | ७६४.६ | ६३% | ४१% | | ५८% |
| ५ | सामान्य प्रशासन | ११४.३ | ७.१ | | १२१.४ | ८७% | ४२% | | ८४% |
| ६ | राष्ट्रिय योजना आयोग | १२३.२ | ७.३ | ०.० | १३०.५ | ८१% | ४७% | | ७९% |

## ४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति

राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७४/७५ को वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आयोजना | भौतिक प्रगति (%) | वित्तीय प्रगति ( %) |
|---|---|---|---|
| १. | सिक्टा सिंचाइ आयोजना | ८०.४ | ७४.२ |
| २. | बबई सिंचाइ आयोजना | ९९.४ | ९८.६ |
| ३. | रानीजमरा कुलरीया सिंचाइ आयोजना | ९६.७ | ९४ |
| ४. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १०९.५ | ९९.९ |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ७३.३ | ९५ |
| ६. | बुढिगण्डकी जलबिद्युत आयोजना | ९९.९ | ९९.५ |
| ७. | पश्चिम सेती जलविद्युत आयोजना | नभएको | नभएको |
| ८. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | ८०.८ | १०० |
| ९. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ३३.३ | ३० |
| १०. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ३९.४ | ७.३१ |
| ११. | पशुपति क्षेत्र विकास कोष | ६५ | ५१.५ |
| १२. | लुम्बिनी क्षेत्र विकास कोष | ८० | ९९ |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | ९३ | १०० |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | ९२ | ९९.२ |
| १५. | हुलाकी लोकमार्ग | ९७ | १०० |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | ९२ | ९९.९ |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | ८८ | ९४.८ |
| १८. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | १०० | ९९.२ |
| १९. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | ९५ | ९५ |
| २०. | मेलम्ची खानेपानी आयोजना | ८४.४ | ४३.२ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ९०.८ | ८४.३ |

यी आयोजनाहरुको समष्टिगत लक्ष्य, आ.व. ०७४/७५ सम्ममा भएका कार्यहरु, प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरु देहाय बमोजिम संक्षेपमा प्रस्तुत गरिएको छ।

### १. सिक्टा सिंचाइ आयोजना

बाँके जिल्लाको करिब ४३००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. ०६२/६३ मा शुरु भई आ.व. ०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा सो अवधिमा सम्पन्न हुन नसकेकाले आ.व. ०७६/७७ मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको शुरु लागत अनुमान रु. १२८० करोड रहेकोमा संशोधित लागत अनुमान रु. २५०२ करोड रहेको छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १२३.७१ करोड विनियोजन गरिएको थियो।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/०७५ मा भौतिक प्रगति ८०.४ प्रतिशत र वित्तीय प्रगति ७४.२ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ५६.७ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ५६.६ प्रतिशत रहेको छ। आयोजनाको हाल हेडवर्कस् (सिभिल कार्य) निर्माण कार्य सम्पन्न भएको र मूल नहर अन्तर्गतको अन्तर्राष्ट्रिय ठेक्कातर्फको कार्य भैरहेको छ।

वन क्षेत्र तथा बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र नदीजन्य निर्माण सामग्री ढुङ्गा, गिट्टी, वालुवाको आपूर्तिमा बन्देज लगाएको, स्थानीयले समयसमयमा आयोजनासंग असम्बन्धित (बाटाघाटा ग्राभेल गरिदिनुपर्ने, कल्भर्ट बनाइदिनुपर्ने आदि जस्ता) माग राखि अवरोध खडा गर्ने गरेका, ठेक्का व्यवस्थापन, माटोको प्रतिकुलता ड्रेनेज व्यवस्थापन र आयोजनाको नहर क्षेत्रभित्र पर्ने जग्गा, घरटहरा आदिको मुआब्जा र क्षतिपूर्ति सम्बन्धमा समस्या परिरहेको आयोजनाले जनाएको छ ।

## २. बबई सिंचाइ आयोजना

बर्दिया जिल्लाका करिव ३६,००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. ०४४/४५ मा शुरु भई शंशोधित कार्यतालिका अनुसार आ.व. ०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । आयोजनामा कूल लागत रु. १२६९ करोड लाग्ने अनुमान छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ८२.२४ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को भौतिक प्रगति ९९.४ प्रतिशत र वित्तीय प्रगति ९८.६ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ५९.५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४७.२ प्रतिशत रहेको छ । आयोजनाको हाल हेडवर्क्स मूल तथा शाखा नहर निर्माण सम्पन्न भइ २६००० हेक्टरमा सिंचाइ सुविधा पुगेको छ । नहर सञ्चालन, जलमापन, गेज निर्माण, डाइभर्सन निर्माण कार्य जारी रहनुका साथै उपभोक्ता किसानहरुको सहभागिता मूल्यांकनका लागि तथ्यांक संकलनको कार्य भैरहेको छ । आयोजनाको नहर क्षेत्रभित्र पर्ने जग्गा, घरटहरा आदिको मुआब्जा तथा क्षतिपूर्ति, बाढीको प्रकोप, नदीजन्य निर्माण सामग्री ढुङ्गा, गिट्टी, वालुवाको आपूर्तिमा कठिनाई जस्ता मुख्य समस्याका रुपमा रहेका छन् ।

## ३. रानीजमरा कुलरीया सिंचाइ आयोजना

कैलाली जिल्लाका साविकका ८ वटा गा.वि.स. र १ नगरपालिका समेत गरी ३८,३०० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. ०६४/६५ मा सुरु भई शंशोधित कार्यतालिका अनुसार आ.व. २०८०/८१ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । आयोजनामा कूल लागत रु. १२६३ करोड लाग्ने अनुमान छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १६३ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को भौतिक प्रगति ९६.७ प्रतिशत र वित्तीय प्रगति ९४ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ३६ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ३४.८ प्रतिशत रहेको छ । आयोजनाको हाल चिसापानीमा इन्टेक तथा लिंक क्यानल निर्माण सम्पन्न भएको छ यसैगरी चिसापानीदेखि बलचौरसम्म मूल नहर ९५ प्रतिशत, संरचना निर्माण ९० प्रतिशत, हाइड्रोपावर ४५ प्रतिशत र फिडर नहर आधुनिकीकरण १०० प्रतिशत निर्माण सम्पन्न भएको छ भने सेटलिंग बेसिन निर्माण, शाखा पुनःनिर्माण तथा ग्राभेल रोड सुदृढीकरणको कार्य तथा कर्णाली, पथरैया र मोहना नदीहरुमा तटबन्ध निर्माण भइरहेको छ ।

नहर रेखाङ्कनमा परेका जग्गा अधिग्रहणमा समस्या, वन क्षेत्र भित्रबाट नहरको रेखाङ्कन गर्नुपर्दा रुखहरु तथा अनाधिकृत वस्ति हटाउने मुख्य समस्याका रुपमा रहेका छन् ।

## ४. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत, बर्दिया र बाँके जिल्लालाई समेटेर उर्जा, सिंचाइ, सहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान पुऱ्याउने लक्ष्य लिएको यस आयोजना आ.व. ०६८/६९ मा शुरु भई शंशोधित कार्यतालिका अनुसार आ.व. ०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाबाट बाँके र बर्दिया जिल्लाको करीव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने तथा करिब १५० मिटर हेडको सदुपयोग गर्दै नियमित रुपमा ४८ मे.वा. जलविद्युत उत्पादन गरी देशको उर्जा संकट कम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। बाह्रै महिना सिंचाइ उपलब्धताबाट कृषि उत्पादन बढ्न गई वार्षिक ३.१ अर्ब अप्रत्यक्ष तथा विद्युतबाट २.१ अर्ब प्रत्यक्ष आम्दानी हुने अनुमान छ।आयोजनामा कूल लागत रु. १६४३ करोड लाग्ने अनुमान छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ४५६.८ करोड विनियोजन गरिएको थियो।

आ.व. २०७४/७५ को प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को भौतिक प्रगति १०९.५ प्रतिशत र वित्तीय प्रगति ९९.९ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ३५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ५० प्रतिशत रहेको छ। आ.व. २०७४/७५ सम्ममा आयोजनाका १२ कि.मि. मध्ये ७ कि.मि. सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको छ। ठेकेदार तथा कन्सलटेन्ट छनौट कार्य सम्पन्न भई पूर्ण रुपमा परिचालन भैसकेको, पहूँच सडकको निर्माण कार्य सम्पन्न भैसकेको तथा क्याम्प निर्माणको कार्य र सुरुङ्गको वोरिङ्ग क्षेत्रमा रुख कटानको कार्य भैरहेको छ।

## ५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

कूल ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ। २०६७ श्रावणमा शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएता पनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अबरोध लगायतको कारणबाट आ. व. ०७५/७६ मा सम्पन्न हुने संशोधित अनुमान छ। आयोजनाको शुरु लागत अनुमान रु. ३५२९ करोड रहेकोमा संशोधित लागत अनुमान रु. ४९२९ करोड रहेको छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ५७६ करोड विनियोजन गरिएको थियो।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ७३.३ प्रतिशत र वित्तीय प्रगति ९५ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ९६.४ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ८३ प्रतिशत रहेको छ। आ.व. २०७४/७५ सम्ममा यस आयोजनाको हेडवर्क्स कंक्रिटको कार्य ९९.९ प्रतिशत, मुख्य सुरुङ्गको कार्य १०० प्रतिशत, बिद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न कंक्रिटको कार्य १०० प्रतिशत, बिद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न खन्ने कार्य १०० प्रतिशत र टेलरेस सुरुङ्गमा लाइनिङ कार्य सम्पन्न भइसकेको छ। २०७५ चैत्र मसान्तसम्म सवै युनिट सञ्चालनमा ल्याउने आयोजनाको आगामी कार्ययोजना रहेको छ।

सडक तथा पुल पुलेसाको कारण ठूला भारवहन भएका उपकरणहरु ढुवानी कार्यमा समस्या आई उपकरण जडानमा समस्या रहेको आयोजनाले जनाएको छ।

## ६. बुढीगण्डकी जलबिद्युत आयोजना

कूल १२०० मेगावाट जडित क्षमताको यो आयोजनाको बाँधस्थल गोरखा जिल्ला घ्याल्चोक गा.वि.स. सिउरेनिटार र धादिङ जिल्लाको सीमानामा बुढीगण्डकी र त्रिशुली नदीको बायाँ किनार कल्लेरिमा रहनेछ। जलाशयले गोरखा र धादिङ जिल्लाका ६६३९ हेक्टर जमिन डुवानमा पार्न सक्ने देखिन्छ। आ.व. २०६९/७० मा सुरु भई आ.व.

२०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएकोमा आ.ब. २०८२/८३ सम्ममा सम्पन्न हुने संशोधित अनुमान रहेको । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. २०१७ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को भौतिक प्रगति ९९.९ प्रतिशत र वित्तीय प्रगति ९९.५ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ९.९ प्रतिशत र समष्टिगत वित्तीय प्रगति १० प्रतिशत रहेको छ। यस आ.व. मा आयोजनाको विस्तृत आयोजना प्रतिबेदन, बोलपत्र सम्बन्धी कागजात, विस्तृत वातावरणीय अध्ययन प्रतिवेदन तयार भई स्वीकृत भएको । गोरखा जिल्लाको घ्याल्चोक सिउरेनिटारस्थित क्याम्प साईटको लागि १३३ रोपनी जग्गा अधिग्रहण एवम् मुआब्जा वितरण गरिएको, सो स्थानमा आफ्नै कार्यालय निर्माण सम्पन्न गरी सोही कार्यालयबाट कार्य सञ्चालन भइरहेको । गोरखा जिल्ला तर्फका ३०,०७८ रोपनी र धादिङ्ग जिल्लातर्फका २८,०७५ रोपनी सहित ५८,१५३ रोपनी निजी जग्गा आयोजनाका लागि अधिग्रहण गरिएको । अधिग्रहण गरिएकोमध्ये गोरखा जिल्लातर्फ आरुघाट र आरुखेत बजार क्षेत्र बाहेक र धादिंग जिल्लातर्फ आरुघाट र खहरे बजार क्षेत्र बाहेकका क्षेत्रका जग्गाहरुको मुआब्जा निर्धारण सम्पन्न भएको र हाल मुआब्जा वितरणको कार्य भैरहेको । साथै, पर्यटन विकास, बस्ती विकास, जलउपयोग अध्ययन कार्यअन्तर्गत परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भएको छ ।

गोर्खा जिल्लातर्फ आरुघाट र आरखेत बजार क्षेत्र र धादिंग जिल्लातर्फ आरुघाट र खहरे बजार क्षेत्रको मुआब्जा निर्धारण हुन नसकेकोले आयोजनालाई छिटो कार्यान्वयनमा लैजान समस्या रहेको, मुआब्जा वितरण प्रक्रियामा काम गरिरहेका कर्मचारीहरु (जिल्ला प्रशासन, मालपोत र नापी कार्यालय) को कार्यबोझ बढी भएको, जग्गा अधिग्रहण तथा मुआब्जा वितरणका साथै पुनर्वास तथा पुनर्स्थापनाको ब्यवस्थापनमा जटिलता रहेकोले आयोजनालाई छिटो कार्यान्वयनमा लैजान कठिनाइ रहेके जस्ता समस्याहरु रहेका छन् ।

### ७. पश्चिम सेती जलबिद्युत आयोजना

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ । चिनीयाँ कम्पनी थ्रि गर्जेजले सन् २०१३ जुलाईसम्ममा सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाउने सम्झौता भएकोमा हालसम्म नबुझाएको र आयोजनाको सम्भाव्यता अध्ययन नै सम्पन्न भइनसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन । यस आयोजना प्राविधिक तथा आर्थिक रुपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्बन्धी समस्या औंल्याएका छन् । आयोजनाको निर्माणको मोडालिटीसम्बन्धमा नेपाल विद्युत प्राधिकरण र चाइनिज कम्पनी थ्रि ग्रजेजबीच ज्वाइन्ट भेन्चर कम्पनी मोडेलमा निर्माण गरिने समझदारी कायम भएतापनि केही प्राबिधिक विषय मिल्न बाँकी रहेकोले काम सुरु हुन नसकेको लगानी बोर्डको कार्यालयले जानकारी गराएको छ ।

### ८. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्ग (१५०० मी.x३० मी.) लाई स्तरोन्नती गरी (३००० मी. x४५ मी.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवन लगायत सञ्चार तथा पथप्रर्दशक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने र मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य राखिएको छ । यस आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्वरमा सम्पन्न हुने अपेक्षा गरिएको भएतापनि हाल दोस्रो पटक २८ जुन, २०१९ सम्म म्याद थप गर्ने प्रकृयामा रहेको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १३६१ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस आयोजनाको को आ.व. २०७४/७५ को भौतिक प्रगति ८०.९ प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ५० प्रतिशत र समष्टिगत वित्तीय प्रगति ६६.६ प्रतिशत रहेको छ। जग्गा अधिग्रहणको प्रकृया पूरा गरी मूल्याङ्कनको कममा रहेको र अधिग्रहण सम्बन्धी सूचना जारी भैसकेको । उपकरण जडान सम्बन्धमा बोलपत्र आव्हान गरी हाल मूल्याङ्कन भैरहेको । डेडिकेटेड इलेक्ट्रिक फिडर लाइन जडान गर्ने सम्बन्धमा ने. वि. प्रा. बाट २०७५ भदौसम्ममा जडान गरिसक्ने जानकारी प्राप्त भएको छ ।

मुआब्जा बितरणमा रु. ३० लाख भन्दा माथिकोमा पूँजिगत लाभकर कट्टा गनुपर्ने भएकोले समस्या भएको, चिनीयाँ ठेकेदार र स्थानीय ठेकेदारवीचको विवाद तथा कमजोर व्यवस्थापन क्षमताको कारणले अपेक्षा अनुरुप काम गर्न नसकेकोमा हाल उक्त समस्या समाधान भएको छ।

## ९.पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लास्थित पोखरा महानगरपालिकामा बिगत ४० बर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रबर्द्धन गर्ने यस आयोजनाको लक्ष्य रहेको छ। सन् २०११ मा आयोजना सुरु भएतापनि नेपाल सरकार र चीन सरकार बीच २०१७ मार्चमा ऋण सम्झौता भएको मितिबाट ४ वर्षभित्र अर्थात् २०२१ सम्ममा सम्पन्न हुने अनुमान गरिएको छ। आयोजनामा कूल लागत रु. २१६० करोड लाग्ने अनुमान छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ४५३ करोड विनियोजन गरिएको थियो ।
आ.व. २०७४/७५ को प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ३३.३ प्रतिशत र वित्तीय प्रगति ३० प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति १५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ३० प्रतिशत रहेको छ। हाल निर्माण व्यवसायीबाट डिजाइन कार्य जारी रहेको, मे ३१ २०१७ बाट लोन इफेक्टिभ भएको । पेरिमिटर सडकका लागि थप ५० रोपनी जग्गा अधिग्रहण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२५ को निर्णयबाट स्वीकृति प्राप्त भएको। नेपाल सरकार र चीन सरकारबीच आयोजना निर्माणसम्बन्धी ऋण सम्झौता भई २०७३ बैशाख १ मा आयोजनाको शिलान्यास भएको छ। हाल आयोजनाको द्रुत गतिमा निर्माण कार्य सञ्चालन भैरहेको छ।

## १०. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ बारा

बारा जिल्लामा अवस्थित मुलुककै अत्याधुनिक विमानस्थलको रुपमा प्रस्ताव गरिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलले मुलुकको पर्यटकीय गतिविधि अभिबृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। यो आयोजना आ.व. २०७१/७२ मा शुरु भई आ.व. ०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १०२ करोड विनियोजन गरिएको थियो।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ३९.४ र वित्तीय प्रगति ७.६ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ३९.४ प्रतिशत र समष्टिगत वित्तीय प्रगति १७.६ प्रतिशत रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृत भएको र नदी कटान नियन्त्रणसम्बन्धी तालिम भैरहेको छ। ११० विघाहा जग्गा अधिग्रहण गरी मुआब्जा वितरणका लागि मूल्याङ्कनका कार्य पुरा गरी मुआब्जा दिने कार्य भइरहेको छ। डिटेल डिजाइन तयार गर्ने कार्यका लागि परामर्शदाता छनौटको प्रकृया अगाडि बढाइएको छ।

आयोजना निर्माणको मोडालिटि तय गर्न समिति गठन भइ कार्य भैरहेको छ । विमानस्थलको धावन मार्गको अवस्थितिको लागि आवश्यक पर्ने वाइन्ड डाटा संकलन गर्न वाइन्ड लगर जडान गरिएको छ।

मुआब्जा बितरणका लागि सबै घरधनीबाट मुआब्जा हकदाबीको निवेदन प्राप्त भएको छैन । आयोजना निर्माणको मोडालिटि तय हुन नसक्दा ठेक्का तथा निर्माण कार्यका अन्य प्रक्रियाहरुका सम्बन्धमा ठोस निर्णय गर्न नसकिएको अवस्था छ ।

## ११. पशुपति क्षेत्र विकास कोष

काठमाण्डौमा अवस्थित पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि पशुपति क्षेत्र विकास कोषको गठन भई गुरुयोजना अनुसार योजनाबद्ध विकासका कार्यक्रमहरुका माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमुना क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य रहेको छ । यस गुरुयोजना आ.व. २०५७/५८ मा सुरु भएकोमा आ.व. ०७५/७६ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ४४.४१ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस कोषको भौतिक प्रगति ६४.९ प्रतिशत र वित्तीय प्रगति ५१.६ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ४०.२ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४०.२ प्रतिशत रहेको छ। वनकाली बगैचा र भण्डारखाल बगैचाको विकास, भस्मेश्वर सत्तल र रामेश्वर सत्तलको निर्माण तथा जिर्णोद्धार कार्य सम्पन्न भएको छ। यसैगरी तीलगंगा-ताम्रगंगा सडकमा रिटेनिङ वाल निर्माण कार्य लगायत विभिन्न ७ वटा कार्यक्रमहरु चालू अवस्थामा रहेका छन् । गुरुयोजना अनुसारका अन्य क्रमागत कार्यक्रमहरुको सञ्चालन भैरहेको छ भने बृहत पशुपति क्षेत्रको गुरुयोजना तयारी कार्य पनि भैरहेको छ। हाल कतिपय आयोजनाहरुमा पुरातत्व विभागसंग सहमति लिई काम गनुपर्ने भएकोले प्रकृयागत ढिलाई हुने गरेको, मासिक पर्ने मेला, जात्रा, पर्व आदिका कारण कामकाजमा बाधा, गुरुयोजना कार्यान्वयनमा दक्ष प्राविधिक जनशक्तिको अभाव, परम्परागत निर्माण सामाग्रीको उपलब्धतामा कठिनाइ जस्ता समस्या परिरहेको छ।

## १२. लुम्बिनी क्षेत्र विकास कोष

भगवान गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्य रहेको यो आयोजना लुम्विनीमा अवस्थित छ । वि.सं. २०४२ देखि नै यस गुरुयोजनाको काम शुरु भएतापनि कहिलेसम्म सक्ने भन्ने विषयमा हालसम्म टुंगो लाग्न सकेको छैन। आयोजनाको शुरु लागत अनुमान रु. ५ अर्ब ५० करोड रहेकोमा संशोधित लागत अनुमान रु. ६ अर्ब १० करोड रहेको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ७१.९४ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस कोषको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९९ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक र समष्टिगत वित्तीय प्रगति दुवै ८० प्रतिशत रहेको छ। गत आ.व. सम्ममा गुरु योजना अनुसारका कार्यहरु सुरुवात गरिएको, प्रशासनिक भवन, भिजिटर इन्फरमेसन सेन्टर, उत्तरी पोखरी, पवित्र उधान क्षेत्रका ढलहरु, ३ (तिन) जोडी पोभिलियन निर्माण कार्य सम्पन्न भएको छ। त्यस्तै गरी सुरक्षा पर्खाल (१६ कि.मी) सम्पन्न र केन्द्रिय नहर निर्माण कार्य पनि सम्पन्न भएको छ । नेपालको पूर्वदेखि पश्चिमसम्मका बौद्ध क्षेत्रहरुलाई समेटी तयार गरिने बौद्ध र्सर्किटको अध्ययन तथा अन्वेषणको कार्य प्रारम्भ भएको छ। बृहतर लुम्बिनी अन्तर्गत देवदहमा सूचना केन्द्र तथा कार्यालय, कुदानमा प्रार्थनास्थल, ध्यान सेड निर्माण कार्य शुरु भएको छ। मायादेवी मन्दिर वरिपरी गार्डेन निर्माण कार्य सम्पन्न भएको छ। कोष क्षेत्रमा रहेका वनजंगल रेखदेख र बोधिवृक्षको संरक्षण कार्य भएको छ।

पदपूर्ति हुन नसकेकोले जनशक्ति अभाव, अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप स्रोत प्राप्त नभएको, स्थानीयस्तरको सहयोग जुटाउन नसकेको जस्ता समस्याहरु रहेका छन् ।

## १३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

पूर्वमा पाँचथरको चियो भन्ज्यांगदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कूल लम्बाई १७७६ कि.मी. रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ । यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/०७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ७९३.८८ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ९३ प्रतिशत र वित्तीय प्रगति ९९.९ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ४५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ३३.९ प्रतिशत रहेको छ। आ.व. २०७४/७५ मा ६३ कि.मी. कालोपत्रे, १२५ कि.मी. ग्रावेल र १४ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ भने हाल सम्ममा १२४० कि.मी ट्रयाक खोलिएको, १९१ कि.मी. कालोपत्रे, ५१६ कि. मि. ग्रावेल, १४ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ ।

भविष्यमा निर्माण हुने जलाशययुक्त जलबिद्युत आयोजना जस्तै सुनकोशी, सप्तकोशी लगायत अन्य आयोजनाहरुबाट डुवानमा पर्न सक्ने सडक खण्डहरुको निर्माण कार्यमा अन्यौलता सिर्जना भएको, वन क्षेत्रमा कार्य गर्न बाधा परिरहेको, स्थानीयहरुद्वारा रेखांकनमा हुने विवाद एवम् जग्गा अधिग्रहण र मुआब्जा वितरणमा समस्या र प्राविधिक जनशक्ति अभाव यस आयोजनाले कार्यान्वयनमा भोग्नु परेका प्रमुख समस्याहरु हुन् ।

## १४. रेल्वे तथा मेट्रो विकास आयोजना

रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कूल ९४६ कि.मी. लामो रेल सञ्जाल निर्माण एवम् संचालनको लक्ष्य लिएको छ । यस आयोजनाको कूल लागत रु. ६९५२ करोड रहेको छ जुन सम्पूर्ण रुपमा नेपाल सरकारबाट व्यहोरिने छ । यो आयोजना आ.व. २०६६/६७ देखि सुरु भएको हो । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा रु. ३८१ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ९२ प्रतिशत र वित्तीय प्रगति ९९.२ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति १३.७ प्रतिशत र समष्टिगत वित्तीय प्रगति १४.९ प्रतिशत रहेको छ । गत आ.व. सम्ममा बर्दिबास लालवन्दी २५ कि.मि. खण्डमा ट्रयाकको कार्य सम्पन्न भएको, बर्दिबास- काकडभिट्टा रेलमार्ग DPR सम्पन्न, बुटवल गड्डाचौकी रेलमार्गको DPR कार्य ५० प्रतिशत सम्पन्न भएको, पुल निर्माण ४६३४ मि. मध्ये ३२२ मि. सम्पन्न भएको, कल्भर्ट जनावर मार्ग २४० वटा मध्ये ६८ वटा निर्माण कार्य सम्पन्न भएको र २२७ हेक्टर जग्गा अधिग्रहण गरिएको तथा विभिन्न खण्डको रेलमार्ग निर्माण अन्तर्गत विभिन्न संरचनाको निर्माण कार्य भैरहेको छ ।

वन क्षेत्रमा आयोजना निर्माण स्वीकृतिमा ढीलाई, जग्गा अधिग्रहण, रेखाकंन तथा मुआब्जा निर्धारणमा समस्या, दक्ष जनशक्तिको अभाव, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता नहुनु तथा आयोजनाका लागि आवश्यक बजेटको तुलनामा वार्षिक बजेट न्यून हुनु जस्ता समस्याहरु छन् ।

## १५. हुलाकी लोकमार्ग

हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झापाको केचनादेखि पश्चिममा कंचनपूरको दोधारा चाँदनीसम्मको भू-भाग ओगटेको छ । यस आयोजनाको कूल लागत करिव रु. २५ अर्व लाग्ने अनुमान छ जुन नेपाल सरकार तथा भारत सरकारबाट प्राप्त हुने रु. १२ अर्व अनुदान रकमवाट व्यहोरिने छ । आ.व. २०६३/६४ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अपेक्षा गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको अन्त्यमा कूल १६६३ कि.मि. कालोपत्रे सडक र १२५ वटा पूलहरुको निर्माण हुने अनुमान छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा रु. ४२४.१२ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७४/७५ का वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ९७ प्रतिशत र वित्तीय प्रगति ९९.५ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति २५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४१.९ प्रतिशत रहेको छ । आ.व. २०७४/७५ मा यस आयोजनाको २८ कि.मी. कालोपत्रे, १९५ कि. मि. ग्रावेल, १० वटा पुल निर्माण कार्य सम्पन्न भएको छ भने हालसम्ममा १०० कि.मी. कालोपत्रे, २२५ कि. मि. ग्रावेल, ६६ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ ।

यस आयोजनामा मुआब्जा वितरणमा समस्या, निर्माण सामग्रीको सहज उपलब्धता नभएको र चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत अमुवा पोष्टदेखि रिउ खोलासम्मको सेक्सन डिटेल सर्भे गर्न अनुमति प्राप्त नभएको हुदा रेखाङ्कनमा अन्यौलता भएको आदि समस्याहरु रहेका छन् ।

## १६.उत्तर दक्षिण (कोशी) लोकमार्ग

यो आयोजनाले तेहथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । उक्त १६२ कि.मी. सडकमध्ये ५० कि.मी. मा यातायात चालू छ । यस वाहेक ७७ कि.मी. ग्राभेल सडक रहेको छ । आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने प्रारम्भिक अनुमान भएपनि पुनः म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको कूल लागत रु. ७५० करोड लाग्ने अनुमान छ । आ.व. २०७४/७५ का लागि कुल रु. ४२.८४ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ९२ प्रतिशत र वित्तीय प्रगति ९९.९ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ३५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४०.४ प्रतिशत रहेको छ । आ.व. २०७४/७५ मा यस आयोजनाको विभिन्न खण्डमा ३६ कि. मि. ट्र्याक खोलिएको छ र हालसम्म १४४ कि.मी ट्र्याक खोलिएको छ । त्यस्तै गरि आ.व. २०७४/७५ मा १५ कि.मी र हालसम्म ६९ कि. मि. ग्राभेलिङ कार्य सम्पन्न भएको छ र विभिन्न खण्डमा संरचना निर्माण र पूल निर्माण कार्यहरु सञ्चालन भइरहेका छन् । खांदवारीदेखि पाथिभरासम्मको ट्र्याक खोल्ने कार्य समेत भईरहेको छ ।

चेपुवा किमान्थांका खण्डमा रेखाङकनमा विवादले निर्माण कार्य अवरुद्ध भएको, वनक्षेत्रमा काम गर्न अवरोधको सामना गर्नुपरेको, दरबन्दी मुताबिक जनशक्ति प्राप्त हुन नसकेको, आवश्यक विस्फोटक पदार्थको अभाव र चीनतर्फबाट उपकरणहरु र इन्धन ल्याउन रुट पर्मिट पाउन कठिनाइ रहेको जस्ता समस्या रहेको आयोजनाले जनाएको छ ।

## १७. उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग

यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङजा, गुल्मी, बाग्लुङ्ग, पर्वत, म्याग्दी मुस्ताङ्ग जिल्ला समेटेको छ। कूल लम्बाई ४३५ कि.मी. रहेको यो आयोजना आ.व. २०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुन : आ.व. २०७८/७९ मा सम्पन्न हुनेगरी म्याद थपिएको छ। यस आयोजनामा कूल लागत रु. २७ अर्ब ५१ करोड लाग्ने अनुमान छ। चालू आ.व.मा यस आयोजनाका लागि रु. १७९ करोड विनियोजन गरिएको थियो।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ८८ प्रतिशत र वित्तीय प्रगति ९४.८ प्रतिशत रहेको छ समष्टिगत भौतिक प्रगति १० प्रतिशत र समष्टिगत वित्तीय प्रगति ८.४ प्रतिशत रहेको छ। आ.व. २०७४/७५ मा यस आयोजनाको ३४ कि.मी. र हालसम्म ४२९ कि.मी ट्र्याक खोलिएको छ। विभिन्न खण्डमा ट्र्याक अपग्रेडिङको कार्य भैरहेको छ। आ.व. २०७४/७५ मा यस आयोजनाको ३९ कि.मी र हालसम्म ११८ कि. ग्राभेलिङ कार्य सम्पन्न भएको छ र विभिन्न खण्डमा संरचना निर्माण कार्यहरु सञ्चालन भइरहेका छन्।

यस आयोजनाले नवलपरासीको गैडाकोट महेश्वर खोला खण्डमा रुख कटान स्वीकृति नपाएको, राम्दी-दरपोक र मिर्मि-सेतिबेनी खण्डमा धार्मिक तथा पर्यटकीयस्थल नजिक रहेकोले बिष्फोटक पदार्थ सहजरुपमा प्रयोग गर्न नपाएको, माथिल्लो मुस्ताङ क्षेत्रमा अत्यधिक उचाई, अक्सिजनको कमी तथा हावाको वेगका कारणले ६ महिना भन्दा बढी काम गर्न नसकिएको र कामदारको अभाव जस्ता समस्याहरु झेल्नु परिरहेको जनाएको छ।

## १८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजनामार्फत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब १९६ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ। यस आयोजना आ.ब. २०६५/६६ देखि शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुन आ.व. २०७९/८० मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको कूल लागत रु. ११ अर्ब रहेको छ। यस आयोजनाका लागि चालू आ.व.मा रु. २४.९९ करोड विनियोजन गरिएको र नेपाली सेनालाई छुट्टै बजेटको समेत व्यबस्था गरिएको छ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४।७५ को मा यस आयोजनाको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९९.२ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति १२ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ११.७ प्रतिशत रहेको छ। आ.व. २०७४।७५ मा यस आयोजनाको ११ कि.मी. र हालसम्म ९३.७ कि.मी ट्र्याक खोलिएको छ भने विभिन्न खण्डमा ट्र्याक स्तरोन्नती गर्ने कार्य भइरहेको छ। आवश्यक विस्फोटक पदार्थको अभाव, भौगोलिक बिकटताले गर्दा निर्माण सामग्री तथा इन्धन ढुवानी र अनुगमनमा कठिनाइ, दरबन्दी मुताबिक जनशक्ति प्राप्त हुन नसकेको र सञ्चारको समेत समस्या रहेको आयोजनाले जनाएको छ।

## १९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग

यस आयोजनाले राजधानी काठमाण्डौलाई तराइसँग जोड्ने द्रुत गतिको मार्ग निर्माण गर्ने लक्ष्य लिएको छ। आ.व.२०६४/६५ मा शुरु भई २०७७/०७८ सम्ममा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कूल लागत रु. १११ अर्ब रहने अनुमान गरिएको छ। आ.व. २०७४/७५ मा यस आयोजनामा रु. १०१३.७५ करोड विनियोजन गरिएको छ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ९५ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति प्राप्त नभएको र समष्टिगत वित्तीय प्रगति ५.८ प्रतिशत रहेको छ। हाल निजगढ, बुदुने, लेनडांडा, सिस्नेरी र मख्खुवेशी क्याम्प क्षेत्रमा कटिङ्ग तथा फिलिङ्गको कार्य भइरहेको, क्याम्पहरुको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको, निजगढ ईलाकामा रुख कटानको कार्य सम्पन्न भएको, बुदुने, लेनडाँडा सिस्नेरी र मखुवेशी ईलाकामा रुख कटानको कार्य भइरहेको, ३७ कि.मी को कटिङ्ग कार्य नेपाली सेवा प्रदायक मार्फत गर्ने गरी ठेक्का सुचना प्रकाशित भएको, खोकना इलाकाको मुआब्जा तथा रेखाङ्कन परिवर्तनसम्बन्धी विवाद समाधानको लागि सम्बन्धित सरोकारवालाहरुसंग छलफल भइरहेको छ भने डी.पि.आर निर्माणको सुचना प्रकाशित भएको छ।

खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था रहेको, वेश क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत आपूर्ति सहज हुन नसकेको, सडक क्षेत्रमा जग्गा अधिग्रहण तथा घर टहराको क्षतिपूर्ति सम्वन्धी समस्या समाधान हुन नसकेको, निर्माण सामग्रीहरुको सहज आपूर्ति हुन नसकेको, विष्फोटक पदार्थको सरल र सहज आपूर्ति र निर्माण सामग्रीको भन्सार छुट प्रकृया सरलीकरण हुन नसकेको र ठिङ्गन-लेनडाँडा क्षेत्रमा कान्ति राजपथको रेखाङ्कनसँग खप्टिएको जस्ता मुख्य समस्याहरु रहेका छन्।

## २०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले ५ (पाँच) चरणमा गरी काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य लिएको छ। सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ कि.मी. सुरुङ्गमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी आपूर्ति गराउने लक्ष्य छ। आ.व. २०५८/५९ मा शुरु भई आ.व. २०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा चौथो पटक संशोधन गरी आ.व. २०७५/७६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। सन् २००८ को कूल लागत रु. ३१७३ करोडबाट सन् २०१४ मा रु. ३५५४ करोड पुगेको छ। आ.व. २०७४/७५ मा यस आयोजनाका लागि कूल रु. ६५७ करोड विनियोजन गरिएको थियो।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४।७५ को भौतिक प्रगति ८४.४ प्रतिशत र वित्तीय प्रगति ४३.२ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ८३.७१ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ८७.४ प्रतिशत रहेको छ। गत आ. व. सम्ममा २७.६३१ कि. मि. सुरुङ्ग निर्माण सम्पन्न भएको छ। काठमाण्डौ उपत्यका एवम् मेलम्ची खानेपानी आयोजना क्षेत्रमा सडक निर्माण तथा पाइप बिछ्याउने कार्य भईरहेको छ। सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रको पहिलो चरणको निर्माण सम्पन्न भएको छ।

निर्माण व्यवसायीले श्रोत परिचालन गर्न नसकेको तथा उपकरणहरु विग्रने जस्ता समस्याहरु रहेको भएतापनि हाल निरन्तर रुपमा संचालन भइरहेको छ।

## २१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

नेपाल सरकारको पूर्ण लगानीमा संचालन हुने यो आयोजना आ.व. २०६७/६८ बाट शुरु भइ सालबसाली कार्यक्रमको रुपमा रहदै आएको छ। आ.व. २०७०/७१ देखिनै चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्ने, उपल्लो तटीय बासिन्दावीच समूह संजालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका विरुवा उत्पादन गर्ने, चुरेको डंढेलो नियन्त्रण तथा वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिव तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षारोपण गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका

छन् । भूकम्प पश्चात् पुनःनिर्माण कार्यमा काठ दाउराको सहज आपूर्ति व्यवस्थाका लागि चुरे क्षेत्रको दीर्घकालिन गुरुयोजना नआउँदासम्मका लागि यस क्षेत्रका सामुदायिक वनहरुबाट काठ दाउरा संकलन गर्ने व्यवस्था गरिएको छ । यस कार्यक्रमका लागि आ.व. २०७४/७५ मा रु. १९१ करोड विनियोजन गरिएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक प्रगति स्थिति : यस कार्यक्रमको आ.व. २०७४।७५ को भौतिक प्रगति ९०.८ प्रतिशत र वित्तीय प्रगति ८४.३ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ९२.२ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ८८.२ प्रतिशत रहेको छ। चुरे क्षेत्रमा एकीकृत बस्ती व्यवस्थापन नहुनु, गुरुयोजनाले निर्दिष्ट गरेका योजना कार्यक्रम संचालन गर्न पर्याप्त साधन (जनशक्ति, बजेट र कानुनी संरचना) हुन नसक्नु, चुरेको प्रभावकारी संरक्षण तथा व्यवस्थापन कार्यान्वयनका लागि "चुरे संरक्षण तथा व्यवस्थापन ऐन" नहुनु र भू-उपयोग नीति कडाइकासाथ लागू नहुनु जस्ता समस्याहरु रहेका छन् ।

## ५ पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति

### ५.१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट प्राप्त प्रगतिका आधारमा आ.व. २०७४/७५ सम्मको पुनर्निर्माणका सम्वन्धमा भएका उपलव्धिहरू देहायबमोजिम रहेका छन् ।

| सि.नं. | संरचना | पुनर्निर्माण गर्नुपर्ने संख्या | सम्पन्न संख्या | निर्माणाधिन संख्या | निर्माण सुरू गर्न बाँकी संख्या |
|---|---|---|---|---|---|
| १. | सरकारी भवन | ४१५ | २४८ | १३५ | ३२ |
| २. | विद्यालयको भवन | ७५५३ | ३८१६ | २३६९ | १३६८ |
| ३. | स्वास्थ्य संस्थाको भवन | ११९७ | ६४३ | १४५ | ४०९ |
| ४. | पुरातात्विक सम्पदा | ७५३ | १८५ | ३०९ | २५९ |
| ५. | सुरक्षा निकायको भवन | | | | |
| | नेपाली सेना | २०४ | ५५ | ७ | १४२ |
| | नेपाल प्रहरी | १३९ | ७ | ९६ | ३६ |
| | सशस्त्र प्रहरी | ३१ | २५ | ६ | - |
| | रा.अ.वि. | ९ | ६ | ३ | - |
| ६. | खानेपानी आयोजना | ३२१२ | ७९१ | ६७० | १७५१ |

### ५.२ निजी आवास अनुदान वितरणसम्बन्धी प्रगति :

| सूचक | आ.व.२०७२/७३ सम्मको प्रगति | आ.व.२०७३/७४ सम्मको प्रगति | आ.व. २०७४/७५ मा भएको प्रगति | २०७५।०५।१२ सम्ममा भएको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा लाभग्राही | ५३१९६४ | ७४९७९६ | ८०७४८६ | ८०७४८६ | |
| अनुदान सम्झौता | २७८८८० | ६२९६१३ | ७२१७७५ | ७२२१७४ | ८९.४३ |
| पहिलो किस्ता वितरण | ३५१४५ | ५९७५७७ | ७१३८६६ | ७१४४०१ | ९८.९ |
| निर्माण कार्य शुरु भएको घरहरु | – | ११३०९६ | ५१४४४६ | ५४१२२५ | ७५.७९ |
| दोश्रो किस्ताको लागि निवेदन दिनेको संख्या | – | ७८३८० | ४८६९३७ | ५१३३३३ | ९३.२१ |
| दोस्रो किस्ता वितरण | – | ५५०५५ | ४५९९०० | ४७०८६१ | ९५ |
| तेस्रो किस्ता वितरण | – | २७३४ | २२०७९५ | २३१६७० | ८५.७६ |
| निर्माण कार्य सम्पन्न भएका घरहरु | – | ४४९२७ | २४९०९३ | २७४२०२ | ३७.१९ |
| प्रवलीकरण लाभग्राही | – | – | ५२०५४ | ५२०५४ | |
| प्रवलीकरण लाभग्राही सम्झौता | | | ८८३३ | ८८५५ | १७ |

**५.३ विकास आयोजनाहरुको पुनर्निर्माण :**

१) पुनर्निर्माण तथा मर्मत संभार गर्नुपर्ने ३२१२ खानेपानी आयोजनाहरुमध्ये ७९१ वटा सम्पन्न भएको, ६७० वटाको पुनर्निर्माण चालू रहेको ।

२) ग्रामीण सडकतर्फ विभिन्न जिल्लाहरुमा गरी कुल १००१ कि.मि. सडक मध्ये विभिन्न चरणमा काम भैरहेको । त्यसैगरी रणनैतिक सडकतर्फ दोलखा - सिंगटी ३४.४९ कि.मि.मा ४० प्रतिशत, धादिङ्ग - गोरखा ४२.१७ कि.मि. मध्ये ३५ प्रतिशत र पाँचखाल - मेलम्ची २२.९७ कि.मि मध्ये १३ प्रतिशत सडक पुनर्निर्माण सम्पन्न भएको ।

३) जोखिमयुक्त भनी अनुमान तथा भौगर्भिक अध्ययन गरिएका १०५३ वस्तीहरुमध्ये ३३९ स्थानान्तरण गर्न सिफारिस भएको ।

**५.४ पुनर्निर्माण सम्बन्धमा रहेका सवालहरु:**

१) पुनर्निर्माण लक्षित सहुलियत ऋण (२ प्रतिशत सहुलियत दरको ऋण र निर्व्याजी ऋण) को कार्यान्वयन प्रभावकारी नभएको ।

## ६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४२ औं बैठकका निर्णयहरुको प्रगति स्थिति

| सि.नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १ | मेलम्ची खानेपानी आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई लाभको निश्चित अंश उपलब्ध गराउने र यसबाट अन्य क्षेत्रमा पर्ने प्रभावलाई समेत दृष्टिगत गरी उपयुक्त सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका खानेपानी हेर्ने माननीय सदस्यको संयोजकत्वमा अर्थ र खानेपानी मन्त्रालयका सचिव तथा मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक सदस्य र आयोगका सम्बन्धित सहसचिव सदस्य-सचिव रहने कार्यदलबाट २०७५ साउन मसान्त भित्रमा अध्ययन गराई प्राप्त हुने सुझावका आधारमा निर्णय लिने । | • निर्णय कार्यान्वयनका लागि मूलसमिति र सो मातहत रहने उपसमिति गठन भएको ।<br>• आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई लाभको निश्चित अंश उपलब्ध गराउने सम्बन्धमा स्वतन्त्र विज्ञहरुको अध्ययन कार्यदल गठन गरी मस्यौदा प्रतिवेदन प्राप्त भएको ।<br>• उक्त प्रतिवेदनमा मूलसमिति उपसमिति र अध्ययन कार्यदलका सदस्यहरु वीच प्रथम चरणको छलफलसमेत सम्पन्न भएको ।<br>(**खानेपानी मन्त्रालय**)<br><br>माननीय सदस्य डा. दिलबहादुर गुरूङज्यूको संयोजकत्वमा कार्यदल गठन भई मिति २०७५/०३/१९ गते बसेको बैठकले विस्तृत आर्थिक तथा ईन्जिनियरिङ्ग सम्बन्धी अध्ययन गरी मेलम्ची खानेपानी आयोजनाको "राजस्व विश्लेषण तथा लाभ वितरण अध्ययन प्रतिवेदन" तयार गर्न काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डसंग परामर्श सेवा लिई प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिएकोमा मस्यौदा प्रतिवेदन तयार भएको । (**राष्ट्रिय योजना आयोग**) |
| २ | तयारी बिष्फोटक पदार्थ आयात गर्न कुनै अबरोध नरहे पनि विष्फोटक पदार्थका लागि आवश्यक कच्चा पदार्थ आयातमा केही अबरोध रहने गरेकाले परराष्ट्र मन्त्रालय र उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारी तहमै भारतसँग वार्ता गरी यस्तो कच्चा पदार्थ आयातलाई २०७५ साउन मसान्त भित्रमा सहज बनाउने र नेपाली सेनाबाटै बिष्फोटक पदार्थ तयार गर्न लगाई विकास निर्माण कार्यमा यसको अभाव नहुने व्यवस्था गर्ने । | • सचिवस्तरीय निर्णयानुसार मिति २०७५/४/०६ मा परराष्ट्र मन्त्रालयलाई पत्र लेखी भारत सरकारसित सरकारी तह (G to G level) मा वार्ता गर्न सकिने / नसकिने सम्बन्धमा नयाँ दिल्लीस्थित नेपाली राजदूतावास मार्फत बुझ्न र सो को जानकारी यस मन्त्रालयलाई उपलब्ध गराउन लेखी पठाएकोमा जवाफ प्राप्त हुन बाँकी रहेको ।<br>• आ.व. २०७४/७५ मा विस्फोटक पदार्थ उत्पादनका निम्ति भारतबाट ६,१३,८०० के.जी कच्चा पदार्थ खरिद गर्ने निर्णय भएकोमा ५०,००० के.जी. कच्चा पदार्थ प्राप्त भइसकेको र १,००,००० के.जी. कच्चापदार्थ भन्सार जाँचपासको क्रममा रहेको ।<br>• विगतको तुलनामा भारतबाट हालका दिनमा थोरै परिमाणमा भए पनि कच्चा पदार्थ आउन थालेको । तर नियमित रूपमा माग अनुसारको आपूर्ति सुनिश्चित गर्न भारत सरकारसंग सरकारी तहमै वार्ता गर्नुपर्ने स्थिति रहेको । (**रक्षा मन्त्रालय**)<br>कच्चा पदार्थ आयात हाल सहज हुँदै गएको ।<br><br>(**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**) |

| | | |
|---|---|---|
| ३ | गरिव पहिचान हुन बाँकी रहेका जिल्लाहरुमा आ.व. २०७५/७६ को वजेटमा घोषणा भए अनुरुप कार्यक्रम राखी २०७६ चैत्रसम्म सर्वेक्षण सम्पन्न गराउने । गरिव पहिचान भइसकेका जिल्लाहरुमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरुले कार्यक्रम संचालन गर्दा गरिव परिवारलाई लक्षित गरी क्षमता विकास तथा आयआर्जन लगायतका क्रियाकलापहरु र सेवा सुविधाहरु उपलब्ध गराउँदै जाने । | हालसम्म २६ वटा जिल्लाहरुमा गरिव घर परिवार पहिचान गरी परिचयपत्र वितरण कार्य सुरु गरिएको । बाकी ५१ जिल्लाहरुमा गरिव घर परिवार पहिचान गर्ने कार्यका लागि तयारी भइरहेको ।<br><br>(**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**) |
| ४ | सूचना तथा संचार प्रविधि मन्त्रालयले इन्टरनेटको पहूँच नभएका सबै स्थानीय तहमा आगामी दुइ बर्षभित्रमा पहूँच पुर्‍याई स्थानीय तहको व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने आधार सिर्जना गर्ने । | ११ जिल्लाको स्थानीय तहमा इन्टरनेट जडान भैसकेको, २६ जिल्लाको स्थानीय तहमा विस्तारको कार्य भइरहेको, ३ जिल्लाको स्थानीय तहमा बिस्तारको कार्य अदालत बाट रोकिएको र बाँकि स्थानमा इन्टरनेट जडान कार्य आगामी वर्ष भित्र सम्पन्न गरिने ।<br><br>**(सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**)<br><br>इन्टरनेट सेवा नपुगेका स्थानीय तहहरुको विवरण सूचना तथा सञ्चार प्रविधि मन्त्रालयलाई उपलब्ध गराई सेवा प्रवाहलाई प्रभावकारी वनाउन अनुरोध गरिएको ।<br><br>**(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)** |
| ५ | प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइएको अनुदान रकमबाट संचालित कार्यक्रमको प्रगति सम्बन्धित तहगत सरकारमा समीक्षा गरी वित्तीय तथा भौतिक प्रगति चौमासिक रुपमा तथा हासिल भएको नतिजा केन्द्रमा बार्षिक रुपमा लिनेगरी राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य बिषयगत मन्त्रालयहरुसँग समन्वय गरी २०७५ साउन मसान्तभित्रमा नतिजामूलक प्रतिवेदन प्रणालीको विकास गर्ने । यस्तो प्रतिवेदन सूचना प्रविधिमा आधारित गराई एउटै सफ्टवेयरमार्फत लिने व्यवस्था गर्ने । | प्रदेश तथा स्थानीय तहका कार्यक्रमहरूको प्रगति प्रतिवेदन प्राप्त गर्ने प्रणालीको विकास गर्ने कार्य भइरहेको ।<br>**(अर्थ मन्त्रालय)**<br><br>राष्ट्रिय योजना आयोगद्वारा तत् सम्बन्धमा कार्य भइरहेको ।<br>(**शिक्षा**, **विज्ञान तथा प्रविधि मन्त्रालय**)<br><br>● राष्ट्रिय योजना आयोगवाट वित्तिय प्रगति विवरण लिने सम्बन्धमा ढाँचा तयार गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार विवरण संकलन गरी उपलब्ध गराउन आयोग बैठकको निर्णयानुसार लेखि पठाईएको ।<br><br>● आ.ब. २०७४।०७५ मा विभिन्न मन्त्रालय, विभाग र आयोजनामा कार्यरत कर्मचारीहरुलाई तालिम प्रदान गएिको । अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट आयोजना कार्यसम्पादन सूचना प्रणाली (PPIS) को कार्यान्वयन परामर्श सेवा समितिमार्फत PPIS / Software तर्जुमा गरिएको । हाल उक्त Software |

| | | |
|---|---|---|
| | | लाई परिवर्तित मन्त्रालयगत संरचना अनुरुप परिमार्जन तथा अद्यावधिक गरिएको र यस आ.व. देखि कार्यान्वयनमा लैजाने तयारी गरिएको । **(राष्ट्रिय योजना आयोग**) |
| ६ | राष्ट्रिय राजमार्ग तथा नगर र शहरी क्षेत्रमा नयाँ सडकहरुको डिजाइन, निर्माण र बिस्तार गर्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र उर्जा मन्त्रालयले समन्वय गरी राइट अफ् वे मा विद्युत् प्रसारण लाइन समेत निर्माण गर्न सकिने व्यवस्था मिलाउने । | उल्लेखित विषयहरूमा मन्त्रालयको तर्फ बाट आवश्यक समन्वय भईरहेको । (**उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**)<br><br>सम्बन्धित निकायहरु बीच समन्वयका लागि विभिन्न चरणमा छलफल भईरहेको । (**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**) |
| ७ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी मालपोत र नापी जस्ता सोझै जनतालाई सेवा प्रवाह गर्ने निकायमा २०७५ असार मसान्त भित्रमा जनशक्ति आपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने व्यवस्था मिलाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जनशक्ति आपुर्तिका लागि अनुरोध गरि पठाइएको तर हालसम्म सबै कार्यालहरुमा रिक्त दरबन्दी पुर्ति हुन नसकेको ।<br><br>(**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**) |
| ८ | लालपूर्जा नभएको जग्गामा बसिरहेका वा सडक क्षेत्रका घर टहराको क्षतिपूर्ति सम्बन्धमा अध्ययन गरी उपयुक्त सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका भूमि ब्यबस्था हेर्ने मा. सदस्यको संयोजकत्वमा भौतिक पूर्वाधार तथा यातायात, अर्थ, उद्योग, कृषि, भूमि व्यवस्था तथा सहकारी ( भूमि व्यवस्था तथा सहकारी), उर्जा, रक्षा तथा शहरी विकास मन्त्रालयका सचिवहरु सदस्य र आयोगका सम्बन्धित सहसचिव सदस्य सचिव रहने कार्यदल गठन गरी २०७५ साउन मसान्तभित्र सुझाव लिने । | • मन्त्रालयका सहसचिवको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका उपसचिवहरु सम्मिलित उपसमिति गठन गरिएको ।<br>• उक्त उपसमितिले सम्बन्धित बिषयमा अध्ययन गरि सो को प्रतिवेदन राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यू समक्ष पेश गरिसकेको । (**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**)<br>• माननीय सदस्य डा. दिलबहादुर गुरूङज्यूको संयोजकत्वमा कार्यदल गठन भई सुझावसहितको प्रतिवेदन माननीय उपाध्यक्षज्यू समक्ष पेश गरेको । उक्त प्रतिवेदन अनुसार आवश्यक कारवाहीको लागि सम्वद्ध मन्त्रालयहरुमा पठाएको । **(राष्ट्रिय योजना आयोग**) |

| | | |
|---|---|---|
| ९ | आयोगले गराएको मूल्यांकन प्रतिवेदन समेतका आधारमा बैदेशिक सहयोग निरन्तर नभए पछि हालसम्म गरिवी निवारण कोषले सिर्जना गरेको सम्पत्तिको संरक्षण, सामुदायिक संस्था वा व्यक्तिहरुसँग रहेको घुम्ती कोष रकमको सदुपयोग, सामुदायिक स्तरमा रहेका विभिन्न समूहहरुको एकिकरण गरी एउटै व्यक्ति धेरै समूहमा रहने स्थितिको अन्त्य, स्थानीय तहहरुको यस्तो कार्यक्रम संचालनमा रहने भूमिका, सामुदायिक संस्थामा वचत रकमको परिचालनमार्फत सीप तथा उद्यमशीलताको विकास र आयआर्जन तथा रोजगारीका अवसर सिर्जना एवम् गरिवी निवारण कोषको पुन:संरचना सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संयोजनमा, राष्ट्रिय योजना आयोग, अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन, महिला, उद्योग र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिवहरु संलग्न गराई तीन महिनाभित्र एकिकृत कार्यक्रम प्रस्ताव तयार गर्न लगाउने । | गरिवी निवारण कोषले सिर्जना गरेको सम्पत्तिको संरक्षण, सामुदायिक संस्था वा व्यक्तिहरुसँग रहेको घुम्ती कोष रकमको सदुपयोग, सामुदायिक स्तरमा रहेका विभिन्न समूहहरुको एकिकरण गरी एउटै व्यक्ति धेरै समूहमा रहने स्थितिको अन्त्य, स्थानीय तहहरुको यस्तो कार्यक्रम संचालनमा रहने भूमिका, सामुदायिक संस्थामा वचत रकमको परिचालनमार्फत सीप तथा उद्यमशीलताको विकास र आयआर्जन तथा रोजगारीका अवसर सिर्जना एवम् गरिवी निवारण कोषको पुन:संरचना सम्बन्धमा गठन भएको कार्यदलले प्रतिवेदन पेश गरेको ।<br><br>**(प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)** |
| १० | शिक्षा, स्वास्थ्य, संघीय मामिला तथा सामान्य प्रशासन, महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायतका मन्त्रालयहरु र प्रारम्भिक वाल विकास क्षेत्रमा काम गर्ने विभिन्न क्षेत्रका सरोकारवालाहरुको सुझाव तथा सहयोग लिई राष्ट्रिय योजना आयोगले प्रारम्भिक वाल विकाससम्बन्धी बहुक्षेत्रीय रणनीतिको मस्यौदा २०७५ कार्तिक मसान्त भित्रमा तयार गर्ने । | राष्ट्रिय योजना आयोगद्वारा तत् सम्बन्धमा कार्य भइरहेको ।<br><br>(**शिक्षा**, **विज्ञान तथा प्रविधि मन्त्रालय**)<br><br>• माननीय सदस्य डा.उषा झाज्यूको संयोजकत्वमा समिति गठन भएको र यूनिसेफ नेपालसँग समन्वय गरी आयोग र यूनिसेफ नेपालको सहकार्यमा रणनीति तर्जुमाका लागि प्रक्रिया प्रारम्भ भएको ।<br><br>• यूनिसेफबाट रणनीति तर्जुमाका लागि आशयपत्र (EOI) को सूचना प्रकाशित भएको । विस्तृत कार्य क्षेत्रगत शर्त (TOR) तयारीका सम्बन्धमा सरोकारवाला निकायहरूसँग छलफल र अर्न्तक्रिया भईरहेको ।<br>(**राष्ट्रिय योजना आयोग**) |

## ७. विभिन्न मन्त्रालयहरूवाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न प्रस्तावित समस्याहरू

### ७.१ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

१) सेवा प्रवाहलाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउन मालपोत तथा नापी कार्यालयहरुमा रिक्त रहेको दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरिदिन सामान्य प्रशासन मन्त्रालयमा पुन:अनुरोध गर्ने,

२) फरक निकायको नाममा उल्लेख हुनु पर्ने बेरुजु मन्त्रालयको नाममा देखिएकोले सो को नियमनको लागि सम्बन्धित निकायसंग समन्वयको लागि अनुरोध गर्ने,

३) जग्गा प्रशासन सम्बन्धी अनलाइन सेवा प्रवाह, डिजिटल कित्ता नापी प्रणाली स्थापना, छुट तथा गाउ ब्लक नापी, मोहियानी समस्या, अव्यवस्थित बसोबास तथा अनौपचारिक भूसम्बन्ध नियमन जस्ता कार्यलाई प्राथमिकता दिइ शीघ्र सम्पन्न गर्न थप स्रोत र साधनको व्यवस्था गर्न अनुरोध गर्ने,

४) गरिव घर परिवार पहिचान कार्यक्रमलाई ५१ वटै जिल्लामा एकै चोटी सञ्चालन गर्न पर्याप्त बजेटको व्यवस्था गरी पहिचान भएका गरिब घरपरिवारका लागि सेवा सुबिधा लगायत लक्षित कार्यक्रमहरु सम्बन्धित सबै निकायहरु मार्फत संचालन हुनु पर्ने,

५) ७ वटै प्रदेश सरकार अन्तर्गत सहकारी रजिष्ट्रारको कार्यालयको स्थापना गरी स्थानीय तहमा सहकारी क्षेत्र हेर्ने छुट्टै इकाईको व्यवस्था गर्नु पर्ने ,

### ७.२ युवा तथा खेलकूद मन्त्रालय

१) आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता तथा तेह्रौ दक्षिण एशियाली खेलकुद प्रतियोगिता आयोजनाका लागि निर्माणाधीन पूर्वाधारहरु समयमै सम्पन्न गर्नका लागि राष्ट्रिय खेलकुद परिषदमा उपलब्ध प्राविधिक जनशक्ति अपुग भएको हुँदा उक्त कार्य सम्पन्न नभए सम्मका लागि थप ८ जना इञ्जिनियर र २४ जना सब-इञ्जिनियरको अस्थायी दरवन्दी व्यवस्था हुनु पर्ने ।

२) युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लागी विनियोजित वार्षिक बजेटबाट चालू आ.व.मा २० हजार जना स्वरोजगार हुने, थप ८० हजार जनालाई स्वरोजगार बनाउनका लागि विपन्न क्षेत्र कर्जा अन्तर्गत रू.१० अर्ब र ब्याज अनुदान, कर्मचारी व्यवस्थापन तथा प्रदेशमा कार्यालय स्थापना गर्नका लागि रू. ६३ करोड ८२ लाख थप बजेट आवश्यक पर्ने ।

### ७.३ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१) सम्पूर्ण स्थानीय तहमा बैंकको उपलब्धता नभएको कारण बैंकिंडग प्रणाली मार्फत भत्ता वितरण गर्न नसकिएको ।

२) वडा कार्यालय सम्म ईन्टरनेट कनेक्सन नपुगेको ।

३) नेपाल र भारतको सिमा नदी महाकालीमा सार्वजनिक तुईन प्रतिस्थापन गरी ५ वटा झो.पु. निर्माणका लागि भारतीय पक्षको सहमति प्राप्त गर्नु पर्ने ।

४) झोलुङ्गे पुल निर्माण गरिने निजी जग्गाको मुआब्जा दिने व्यवस्था नभएकोले सम्भाव्य स्थानमा झो.पु. निर्माण ढिलाई ।

## ७.४ राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण

१) पुनर्निर्माण लक्षित सहुलियत ऋणको कार्यान्वयन (२ प्रतिशत सहुलियत दरको ऋण र निर्व्याजी ऋण) मा जटिलता रहेको ।

## ७.५ उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

१) चुरे फेदी तथा समथर तराइ मधेशमा जम्मा हुने नदिजन्य गेग्रान तथा निर्माण सामग्रीको उचित व्यवस्थापन तथा उपयोगमा वन र निकुञ्ज तथा स्थानीय निकायबाट हुने बन्देजका कारण नदी सतह बढ्न गइ हुने बाढी डुवान तथा कटानको समस्या समाधान एवं निर्माण सामाग्रीको सहज तथा पर्याप्त आपुर्तिको समस्या ।

२) बन तथा चुरे क्षेत्रमा विद्युत प्रसारण तथा वितरण प्रणालि एवं तटवन्धन निर्माण र विस्तारको लागि EIA नैं गर्नु पर्ने प्रावधानले आयोजनाहरुको विकास निर्माणमा हुने प्रकृयागत ढिलाइ हुने गरेको ।

३) आकस्मिक प्रकोप (बाढी, पहिरो, भुकम्प) बाट हुने क्षति न्यूनीकरण तथा नियन्त्रणका लागि आकस्मिक बजेटको व्यवस्था नहुंदा बाढी डुवान कटानका साथै निर्मित पूर्वाधार संरचनाहरुको क्षति हुने ।

४) बन क्षेत्रको जग्गा प्राप्ति र उपयोगको लागी स्वीकृति एवं रुख कटान प्रकृया अत्यन्तै लामो तथा झन्झटिलो भै बढी समय लाग्ने गरेको ।

५) आयोजनाहरुमा कार्य गर्ने विदेशी परामर्शदाता र कर्मचारी तथा कामदारहरु लाइ श्रम स्वीकृती प्राप्त गर्न समस्या रहेको ।

## ७.६ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

१) EIA र IEE स्वीकृति पश्चात वन क्षेत्रमा आयोजनाहरुले काम गर्दा भोगाधिकारको विवाद आइरहने हुँदा भोगाधिकारको विवादलाई उच्चस्तरमा छलफल गरी समाधान हुनु पर्ने ।

२) जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवाद भइरहने हुँदा यसलाई सरोकारवाला सबै निकायसँग छलफल गरी राष्ट्रिय नीति ल्याइनु पर्ने ।

३) जग्गा धनि दर्ता प्रमाण पुर्जा नभएको जग्गाहरुको सम्बन्धमा भोगचलन गर्नेहरुबाट विवाद भइरहने हुँदा सो सम्बन्धमा स्पष्ट नीति ल्याउनु पर्ने ।

४) खोलाजन्य सामाग्रीको उपलब्ध गराउन पहल गरिनुपर्ने ।

५) विष्फोटक पदार्थको सर्वसुलभताको अभावमा निर्माण कार्यहरु प्रभावकारी हुन नसकेकोले विष्फोटक पदार्थहरु उपलब्ध गराउन पहल हुनु पर्ने ।

६) जलाशययुक्त आयोजनाहरु निर्माण गर्ने भनी सो क्षेत्रमा भौतिक पूर्वाधारका कार्यहरु र सडक निर्माणमा विवाद देखिएकोले सो क्षेत्रमा पूर्वाधारको कार्य अगाडी बढाउन स्पष्टता हुनुपर्ने ।

७) सडक मर्मत संभारको लागि केन्द्रिय बजेटमा नै बजेट छुट्टाउनु पर्ने साथै सडक मर्मतको लागि उठेको रकम अर्थ मन्त्रालयले पूर्ण रुपमा सडक बोर्ड नेपाललाई उपलब्ध गराउनु पर्ने ।

८) विगत बर्षहरुमा बहुबर्षिय ठेक्का भएका सडक योजनाहरुमा बजेट विनियोजन नभएकोले पर्याप्त बजेट विनियोजन गरि ठेक्का फरफारक गर्नु पर्ने वा सुविस्ताको आधारमा ठेक्का तोड्ने अथवा दायित्व र आवश्यक कागजात सहित प्रदेश वा स्थानीय निकायमा हस्तान्तरण गर्न निर्णय हुनुपर्ने ।

## ७.७ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१) नेपाल सरकारको निर्णय अनुसार हेटौडा उपमहानगरपालिका वडा नं. १६ को मयुरधापमा ३०० विगाहा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा भई नापी कार्यालबाट स्थलगत नाप जाँच गरी १९९ विगाहा

१७ कट्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थाापन लि. को नाममा दर्ता कायम भएको छ। औद्योगिक क्षेत्रलाई प्राप्त जग्गा पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्र (Buffer Zone) भित्र परेकाले उक्त जग्गा, औद्योगिक क्षेत्रको नाममा दर्ता गर्न नमिल्ने र त्यस स्थानमा निकुञ्जको सहमती नभएसम्म औद्योगिक क्षेत्र निर्माण कार्य गर्न नमिल्ने प्रतिक्रिया पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले दिएको छ । घोषणा भई लालपूर्जा समेत प्राप्त भई सकेको उक्त जग्गामा औद्योगिक क्षेत्र स्थापना गर्न वन तथा वातावरण मन्त्रालयले सहमति दिनुपर्ने ।

२) चालु आ.व. २०७५/७६ को वजेट वक्तव्यमा हरेक प्रदेशमा एक विशेष आर्थिक क्षेत्र स्थापना गर्ने घोषणा भए अनुसार प्रदेश नं. १ अन्तर्गत भौतिक पूर्वाधार निर्माण कार्य सुरु गर्न जग्गा प्राप्ति हुनुपर्ने देखिएको छ । सुनसरी स्थित मोरङ्ग सुगर मिलको नाममा रहेको ३१४ विगाहा जमिनमा विराटनगर विशेष आर्थिक क्षेत्र स्थापनार्थ सम्भाव्यता अध्ययन कार्य सम्पन्न भै हाल विस्तृत इन्जिनियरिङ्ग डिजाइन कार्य अघि बढेको छ । उक्त जग्गा २०२४ सालमा नापी हुँदा मोरङ्ग सुगर मिलको नाममा नेपाल सरकारवाट सिधै हस्तान्तरण भएको देखिएको छ । उक्त जग्गा विशेष आर्थिक क्षेत्र प्राधिकरणले खरिद गर्नु पर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा परी हाल उक्त जग्गा प्राप्तीको फाइल अर्थ मन्त्रालयमा पेश भएको र सो विषयको टुंगो अर्थ मन्त्रालयले तत्कालै लगाउनुपर्ने ।

## ७.८ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

१) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि अन्तर मन्त्रालय तथा अन्तर तह समन्वय कायम गर्ने विषय ।

२) तालिम प्रदायक निकायहरुबीच को समन्वय तथा तालिमको पाठ्यक्रमहरुमा एकरुपता कायम गर्ने विषय ।

## ७.९ रक्षा मन्त्रालय

१) नेपाली सेनाले निर्माण गरिरहेको काठमाण्डौ (तराई र मधेश द्रुतमार्गको कतिपय ठाउँमा थप जग्गा अधिग्रहण गर्नुपर्ने तथा खोकना लगायतका कतिपय ठाउँमा साविकको सडक मार्ग र सुरुङमार्गको एलाइनमेन्ट परिवर्तन गर्नुपर्ने विषयलाई सम्बन्धित मन्त्रालयहरू (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र गृह मन्त्रालय) ले समन्वयात्मक रूपमा समयमै सम्बोधन गरी द्रुतमार्ग निर्माण कार्यलाई निर्धारित समयभित्रै सम्पन्न गर्ने वातावरण सुनिश्चित गर्न उल्लिखित मन्त्रालयहरूलाई निर्देशन दिने विषय ।

२) समयमै ठेक्का नलागेको वा प्रत्येक वर्ष तीन महिना खनिजजन्य पदार्थ उत्खनन गर्न नपाइने मौजुदा कानूनी व्यवस्थाको कारण काठमाण्डौ (तराई-मधेश द्रुतमार्ग लगायत राष्ट्रिय गौरवका आयोजनामा स्थानीय स्तरबाट उपलब्ध हुनसक्ने माटो, ढुंगा, गिट्टी, बालुवा लगायतका विकास निर्माण सामग्रीहरू समयमै उपलब्ध नहुँदा निर्माण कार्यमा असहजता सिर्जना भइरहेको परिप्रेक्ष्यमा स्थानीय स्तरमा त्यस्ता निर्माण सामग्रीहरू निरन्तर रूपमा उपलब्ध हुने सुनिश्चितताका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने विषय ।

३) रक्षा मन्त्रालय अन्तर्गत संचालित राष्ट्रिय गौरवका एवं पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूको निम्ति शुरुमा विनियोजित बजेटमा अर्थ मन्त्रालयले आर्थिक वर्षको बीचमा मन्त्रालय तथा सम्बन्धित आयोजनाको जानकारी र सहमति बेगर संशोधन वा कटौती नगर्न सो मन्त्रालयलाई निर्देशन दिने विषय ।

## ७.१० संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१) दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढको निर्माण मोडालिटी तय गर्ने विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र लगानी वोर्डको कार्यालयबीच समन्वय गरी मोडालिटी छनौट गरिनुपर्ने ।

## ७.११ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

### क) पशुपंक्षी क्षेत्र अर्न्तगत

१) स्थानीय तहहरू तथा प्रदेशबाट पशुपन्छी क्षेत्रसंग सम्बन्धित (संख्या, उत्पादन स्थिति, रोगको अवस्था लगायतका) तथ्यांक, सूचना, प्रतिवेदन आदि केन्द्रस्तरसम्म प्रवाह हुने संयन्त्रको अभाव ।

२) विगत केहि समयदेखि पशुपन्छी उपचारमा प्रयोग हुने एन्टीबायोटिक्स लगायतका अन्य जीवनरक्षक भेटेरिनरी औषधि अभाव भएको ।

## ७.१२ खानेपानी मन्त्रालय

१) निर्माणाधिन खानेपानी आयोजना संख्या र लागतको अनुमानको तुलनामा बिनियोजित बजेट न्यून तथा प्राविधिक जनशक्तिको कमी ।

२) Underground Utility को अवस्था एकिन नहुनुका साथै Utility Relocation गर्न थप समय र लागत लाग्ने गरेकोले लक्ष्य अनुसार पाइप विछ्याउने कार्य हुन नसकेको ।

३) संघीय खानेपानी विभाग अन्तरगतका संघीय आयोजना कार्यान्वयन इकाइहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्पन्न हुन नसकेको ।

## ७.१३ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

१) नयाँ क्याम्पस तथा पोलिटेक्निकहरु स्थापना गर्दा आवश्यक पर्ने जग्गा व्यवस्थाको लागि संघ, प्रदेश र स्थानिय तहका सम्बन्धीत निकाय संलग्न रहने गरी संयन्त्र विकास ।

२) स्थानिय तथा प्रदेश तहमा विनियोजन भएको शसर्त अनुदानको शीर्षकगत खर्च र प्रगति प्रतिवेदन संघमा प्राप्त हुने भरपर्दो विधी र प्रक्रिया समेतको संयन्त्र विकासका लागि यस अगाडि रा.वि.स.स.बाट निर्णय भइसकेको भएता पनि त्यस सम्बन्धी ठोस कार्य भएको नपाइएकोले पुन राष्ट्रिय विकास समितिमा प्रस्ताव पेश गर्नुपर्ने ।

३) माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने भन्ने संबैधानिक व्यवस्था कार्यान्वयनको लागि तत्काल आवश्यक पर्ने करिव २३ हजार माध्यमिक तहको शिक्षक दरबन्दी थपका लागि राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्ताव पेश गर्ने ।

४) साविक जिल्ला  शिक्षा कार्यालयका नाममा रहेको बेरुजु विशेषगरी विद्यालय भवन निर्माणसंग रहेका छन, ती विद्यालय भवन निर्माणसंग सम्बन्धित रहेका विषय, कार्य सम्पन्न गराउने कार्य र बाँकि बेरुजु फछ्र्यौट गर्ने विषय कसरी सम्पन्न गर्ने नीतिगत निर्णयहुन राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्ताव पेश गर्ने ।

## ७.१४ महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

१) अनिवार्य दायित्व सिर्जना भएका निर्माणाधिन महिला तथा बालबालिका कार्यालयका भवनको भुक्तानीका लागि चालु आ.व. मा बजेट नभएको विषय राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को वैठकमा पेश गर्ने ।

२) महिला विकास कार्यक्रमबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न, राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई स्थानीय स्तरबाटै संचालन गर्न तथा स्थानीय तहलाई महिला विकास कार्यक्रमको अपनत्व बोध गराउन केही जिल्लामा महिला तथा बालबालिका कार्यालयका इकाई कार्यालय स्थापना गर्ने विषय राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को वैठकमा पेश गर्ने ।

## ७.१५ राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्ताव गर्न समस्या नभएका मन्त्रालयहरू

४३ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा निर्णयका लागि अर्थ मन्त्रालय, गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयवाट कुनैपनि समस्या प्रस्तुत नभएको ।

## ८. प्रमुख नतिजा सूचकहरुको आ.ब. ०७४/७५ को लक्ष्य तथा प्रगति

### १. आर्थिक क्षेत्र

| सि.नं. | नतिजा सूचकहरु | इकाई | चौधौं योजनाको लक्ष्य | आ. व. २०७४/७५ को लक्ष्य | २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १. | कुल गाह्रस्थ उत्पादन (चालु मूल्यमा) | रु अर्वमा | ३४०३.६ | २९४२.४ | ३००७.२ |
| २. | वार्षिक औसत आर्थिक वृद्धिदर | प्रतिशत | ७.२ | ७.२ | ६.९ |
| ३. | मुद्रास्फीति | प्रतिशत | ७.५ | ७.५ | ४.२ |
| ४. | राजस्व परिचालन | रु. अर्ब | ८१५ | ६६८.७ | ७३२ |
| ५. | निर्यात | रु. अर्ब | १०० | १०० | ८१.१ |
| ६. | आयात | रु. अर्ब | १०१२ | १०१२.१ | १२४२.८ |
| ७. | विप्रषण | रु. अर्ब | १२३३ | १०११ | ७५५ |
| ८. | कुल गार्हस्थ्य बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.५ | ८.५ | १५ |
| ९. | राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ४५ | ४४.३ | ४३.९ |
| १०. | बेरोजगारी दर | प्रतिशत | २ | २.२ | २ |
| ११. | कुल ग्राहस्थ उत्पादनमा उद्योगको योगदान | प्रतिशत | ५.४ | ५.५ | ५.३९ |

### २.सामाजिक तथा मानव विकास

| नतिजा सूचकहरु | | इकाई | चौधौं योजनाको लक्ष्य | आ. व. २०७४/७५ को लक्ष्य | २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|---|---|
| **(क) शिक्षा** | | | | | |
| प्रौढ साक्षरता दर (१५ वर्षभन्दामाथि) | | प्रतिशत | ८३ | ८१ | ८२ |
| १५ देखि २४ वर्ष उमेरसम्मको साक्षरता दर | | प्रतिशत | ९२ | ९२ | ९० |
| बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर | | प्रतिशत | ७८ | ६८.५ | ६६.३ |
| खुद भर्ना दर | प्राथमिक तह (१-५) | प्रतिशत | ९८.५ | ९७.५ | ९७.२ |
| | प्राथमिक तह (१-८) | | ९४ | ९४ | ९२.५ |
| | माध्यमिक तह कक्षा (९-१२) | प्रतिशत | ४५ | ४५ | ४३.९ |
| टिकाउ दर: कक्षा ८ सम्म<br>कक्षा १० सम्म | | प्रतिशत | ८०<br>५० | ८०<br>५० | ७७<br>४८ |

| | | | | |
|---|---|---|---|---|
| विद्यालय छाडने दरः कक्षा १-५<br>कक्षा ६-८<br>कक्षा ९-१० | प्रतिशत | २.५<br>३.५<br>३.६ | २.५<br>३.५<br>३.६ | ३.०<br>३.८<br>४.२ |
| लैङ्गिक समता दरः विद्यालय शिक्षा<br>उच्च शिक्षा | प्रतिशत | १<br>१ | १<br>१ | १<br>१ |
| **(ख) युवा तथा खेलकुद** | | | | |
| युवा अनुभव आदानप्रदान कार्यक्रम (बाह्य) | जना | ४१० | १३० | ३८ |
| ग्रामीण युवा उद्यम कार्यक्रम | संख्या | ७२० | १६५ निर्वाचन क्षेत्र परिवर्तन गरिएकोले लक्ष्य परिवर्तन भएको | १६१ |
| युवा सीप तथा उद्यमशीलता विकास कार्यक्रम | हजारमा | २५. | १ | ०९५. |
| स्काउट तालिम | हजारमा | ३० | १० | १००२. |
| स्काउट स्वयंसेवक परिचालन | हजारमा | ६० | २० | २० |
| युवा स्वयंसेवक परिचालन | हजारमा | ९९० | ३५० | ० |
| खेलाडी प्रशिक्षण कार्यक्रम | हजारमा | १५ | १५ | १५ |
| क्रिकेट मैदान निर्माण | वटा | ११ | ११ | ११ |
| जिल्लास्तरीय कभर्डहल निर्माण | वटा | ३८ | १४ | १४ |
| स्थानीयस्तरमा खुल्ला स्थान सहितको खेलमैदान निर्माण | वटा | ६०५ | १०० | ८५ |
| निर्वाचन क्षेत्रस्तरीय खेलमैदान निर्माण | वटा | १६५ | १६५ निर्वाचन क्षेत्र परिवर्तन गरिएकोले लक्ष्य परिवर्तन भएको | ० |

## ३. स्थानीय पूर्वाधार

| नतिजा सूचकहरु | इकाई | चौधौं योजनाको लक्ष्य | आ. व. २०७४/७५ को लक्ष्य | २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|---|
| ग्रामीण सडक स्तरोन्नति/पुनःस्थापना ग्राभेल | कि.मी. | ५७३५ | १६२० | १०४९.६ |
| ग्रामीण सडक कालोपत्रे | कि.मी. | ५४५ | २०० | ५८.४६ |
| स्थानीय सडक पुल निर्माणको सङ्ख्या | ओटा | ३७४ | १४५ | २३४ |
| झोलुङ्गे पुल निर्माण सङख्या | ओटा | १५२२ | ५०० | १०१० |
| स्यानिटरी ल्यान्डफिल साइटको विकास | सख्या | २४ | १४ | १० |

## ४. कृषि, वन र सिंचाइ

| सूचकहरु | इकाई | चौधौं योजनाको लक्ष्य | ०७४।७५ कोलक्ष्य | ०७४।७५ सम्मको प्रगति |
|---|---|---|---|---|
| (क) कृषि | | | | |
| कृषि क्षेत्रको बृद्धि दर | प्रतिशत | ४.९ | ४.७ | ५२५ |
| गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | २९.५ | ३०.४ | २७.६ |
| धान उत्पादन | हजार मे.टन | ५५६१ | ५१९८ | ५१५१ |
| गहुँ उत्पादन | हजार मे.टन | २२१९ | २०७४ | १९४९ |
| मकै उत्पादन | हजार मे.टन | २६९६ | २५२० | २५५५ |
| आलु उत्पादन | हजार मे.टन | ३२५० | ३१०० | २८९० |
| तेलहन उत्पादन | हजार मे.टन | २३६ | २२१ | २५० |
| दलहन उत्पादन | हजार मे.टन | ४३८ | ४१० | ३७८ |
| उखु उत्पादन | हजार मे.टन | ३४०० | ३५०० | २९०४ |
| फलफूल उत्पादन | हजार मे.टन | १८४० | १३३९ | १०१० |
| तरकारी उत्पादन | हजार मे.टन | ४००० | ३८०० | ४०९९ |
| चिया उत्पादन | हजार मे.टन | ३० | २७ | २५ |
| माछा उत्पादन | हजार मे.टन | १०३ | ९५ | ६९.१२ |
| (ख)वन तथा भू–संरक्षण | | | | |
| वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ४४.७ | ४४.७ | ४४.७ |
| सघन वनले ओगटेको क्षेत्र | प्रतिशत | ४०.३६ | ४०.३६ | ४०.३६ |
| संरक्षित क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | २३.३२ | २३.३२ | २३.३९ |
| वन क्षेत्रबाट अनुमानित राजश्व रकम | अरव | २.५ | २ | २.१६ |
| संरक्षणको योजनामा रहेका जीवका प्रजातिको संख्या | संख्या | ९ | ५ | ३ |
| समुदायमा आधारित वन व्यवस्थापनका लागि समूह गठन तथा वन हस्तान्तरण | गोटा | ५०० | ५०० | ४६६ |
| विरुवा उत्पादन | गोटा हजारमा | १५००० | १५००० | १२७६३ |
| वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफल | हेक्टर | २००० | ५९२ | २९७३ |
| रोजगारी सृजना | श्रमदिन | | ४०००० | ३,८१,४५,८०३ |
| (ग) सिंचाइ | | | | |
| सतह सिंचाइ | हेक्टर | १०९८० | ८६१० | ६,६८० |
| भूमिगत सिंचाइ | हेक्टर | ४१७०० | ४२६७० | ३४७३९ |
| नया प्रविधिमा आधारित सिंचाइ | हेक्टर | ४२०० | ४,२५० | १२९८ |

## ५.भौतिक पूर्वाधार

| नतिजा सूचकहरु | इकाई | चौधौं योजनाको लक्ष्य | आ. व. २०७४/७५ को लक्ष्य | २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|---|
| **(क) सडक** | | | | |
| रणनीतिक तथा क्षेत्रीय महत्वका सडक निर्माण | कि.मी. | ७०० | ७०० | ६०० |
| सडक स्तरोन्नती, पुनः निर्माण र सुदृढीकरण | कि.मी. | ११०० | १००० | ९७५ |
| आवधिक मर्मत सम्भार | कि.मी. | ६०० | ६०० | ३३२ |
| नियमित मर्मत सम्भार | कि.मी. | १०५०० | ९५०० | ९५०० |
| पूल निर्माण | संख्या | १०० | १०० | ८२ |
| **(ख) सूचना तथा सञ्चार** | | | | |
| आधारभूत टेलिफोन (PSTN) ग्राहक | संख्या लाखमा | १० | ९.५ | ८.६१ |
| मोवाइल टेलिफोन ग्राहक | " | ३१० | ३०० | ३८३ |
| जम्मा टेलिफोन | " | ३२१ | ३१० | ३९२ |
| इन्टरनेट ग्राहक | " | १५५ | १४५ | १४९.८१ |
| **(ग) उर्जा** | | | | |
| विद्युत चुहावट | प्रतिशत | २४ | २४.५ | २०.४५ |
| विद्युतमा पहुँच प्राप्त घरधुरी | संख्या(हजारमा) | १५० | १५० | २९४ |
| विद्युतमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ७० | ६६ | ८७ |
| प्रति व्यक्ति विद्युत खपत | किलोवाट घण्टा | १६० | १५० | १६४ |
| **(घ) खानेपानी** | | | | |
| आधारभूत खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९० | ८८ | ८८ |
| आधारभूत सरसफाइ पुगेको जनसंख्या | प्रतिशत | ८९ | ८७ | ९८.५६ |
| उच्च मध्यम स्तरको खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ३० | २५ | २० |

## ६.पर्यटन

| नतिजा सूचकहरु | इकाई | चौधौं योजनाको लक्ष्य | आ. व. २०७४/७५ को लक्ष्य | २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|---|
| **पर्यटन** | | | | |
| पर्यटन आगमत | जना लाखमा | ३६ | १० | ९.४ |
| प्रति पर्यटक बसाई अवधि | दिनमा | १५ | १४ | १३ |
| विदेशी मुद्रा आर्जन | अमरिकी डलर लाखमा | | ८००४ | ६२०० |
| प्रति पर्यटक प्रतिदिन खर्च | अमरिकी डलरमा | ६० | ५८ | ५४ |
| रोजगारी सृर्जना | जना हजारमा | ११० | ४० | ३१ |

## ७.भूमि व्यवस्था

| नतिजा सूचकहरु | इकाई | चौधौं योजनाको लक्ष्य | आ. व. २०७४/७५ को लक्ष्य | २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|---|
| मुक्त कमैया परिवारको पुनर्स्थापना (सट्टाभर्नासमेत) | सङ्ख्या | | | |
| तालिम प्राप्त गर्ने मुक्त कमैया | जना | | ४०० | ४०० |
| मुक्त हलियाका लागि जग्गा खरिद अनुदान | परिवार सङ्ख्या | | १००८ | |
| मुक्त हलियाका लागि घर निर्माण अनुदान | परिवार सङ्ख्या | २००० | ७४३ | ८०६ |
| मुक्त हलियाका लागि घर मर्मत अनुदान | परिवार सङ्ख्या | ४९०० | २५७९ | ५१२० |
| मालपोत कार्यालयमा कम्प्युटर प्रविष्ट डाटाको परीक्षण | क्षेत्र एवम् जिल्ला | | ६४ | ८८ |
| भवन निर्माण (मालपोत कार्यालयहरु) | सङ्ख्या | | २४ | १५ |
| अनलाइन सेवा विस्तार | सङ्ख्या | ७५ | ४० | २८ |
| भवन निर्माण<br>(नापी विभाग) | सङ्ख्या | | ३० | १५ |
| नाप नक्सा तयार<br>(गाउँ ब्लक) | हेक्टर | | २८६३ | २१९६ |

# ९. तेश्रो पक्ष तथा आन्तरिक मूल्याङ्कनका प्रतिवेदनको सारांश

## ९.१ तेश्रो पक्षवाट मूल्याङ्कन गराइएका आयोजनाहरुको मूल्याङ्कन प्रतिवेदनको सारांश

### १ गरिबी निवारण कोष

**पृष्ठभूमिः**

गरीब तथा पिछडिएका समूहहरूलाई विकास प्रयासहरूमा मूल वाहकको रूपमा संलग्न गराई बहिष्करणमा परेका समुदायहरूलाई विकासको मूलप्रवाहमा ल्याउन एक विशेष तथा लक्षित कार्यक्रमको रूपमा बि.स. २०६३ मा गरिबी निवारण कोषको स्थापना भएको हो । गरिबी निवारण कोष ऐन २०६३ अन्तर्गत यो कार्यक्रम सञ्चालित छ । यसले देशभरिका ६६ जिल्लामा कार्यक्रम विस्तार गरी हालसम्म ३२,००० सामुदायिक संस्थाहरूको गठन गर्नुका साथै विभिन्न आय आर्जन तथा साना पूर्वाधारका कार्यक्रम सञ्चालन गरिरहेको छ । यसले परम्परागत रूपमा लिङ्ग, जात, जातीयता तथा भौगोलिक अवस्थाका कारणले बहिष्करणमा परेका समूहहरूप्रति विशेष ध्यान दिंदै ग्रामीण गरीबहरूको बसोबासको अवस्था तथा जीवनस्तरमा सुधार गर्ने प्रयास गर्दछ ।

**कोषको परिचय**

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा रहने १२ सदस्यीय सञ्चालक समिति कोषको नीतिगत मार्गदर्शन तथा कार्यक्रम स्वीकृतिका लागि जिम्मेवार रहन्छ । सरकारले विकास विषयका व्यावसायिक व्यक्तिहरूमध्येबाट कोषका उपाध्यक्ष र पाँच जना सदस्यहरूको नियुक्ति गर्दछ भने राष्ट्रिय योजना आयोगका सचिव, राष्ट्रिय महिला आयोगका अध्यक्ष, राष्ट्रिय दलित आयोगका अध्यक्ष र स्थानीय तह सम्बन्धी संजालका अध्यक्षहरू पदेन सदस्य रहने व्यवस्था छ ।

यसको कार्यसम्पादन प्रभावकारी तथा लक्षितबर्गलाई पारेको प्रभाव उत्साहजनक छ । यसमार्फत मुख्यरूपमा रोजगारी सिर्जना, आय आर्जन, सामाजिक परिचालन, क्षमता विकास, ग्रामिण सामुदायिक पूर्वाधार निर्माण, सिर्जनशील तथा विशेष कार्यक्रम लगायतका गतिविधिहरू सञ्चालन भईरहेका छन् । यस कार्यक्रमबाट हालसम्म करिब ८ लाख घर परिवारहरू लाभान्वित भएका छन् । साथै ८०५ भन्दा बढी अति गरिब एवम् पिछडिएको वर्ग र ७२५ महिलाहरू लाभान्वित वर्गमध्ये पर्दछन् ।

**कोषको प्रभाव मूल्याङ्कनः**

तीन चरणमा सञ्चालन भएका यस कोषका कार्यक्रमहरूको प्रभाव र कोषको संरचनात्मक ब्यबस्था एवम् सञ्चालन प्रक्रिया सम्बन्धमा राष्ट्रिय योजना आयोगले मूल्यांकन कार्य भर्खरै सम्पन्न गरेको छ । आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, विश्व बैंकका प्रतिनिधि र एक मूल्यांकन विज्ञसमेत रहेको निर्देशक समितिले सहजीकरण गरेको यस मूल्यांकनका प्रमुख नतिजा र सुझावहरू प्राप्त भएका छन् ।

**निष्कर्ष तथा सुझावहरूः**

क) घुम्ती कोषको प्रभावः

- बिस्तृत प्रभाव मूल्याङ्कन टोलिले संलग्न सदस्यहरूको उच्च स्वामित्व, कोषले उपलब्ध गराएको घुम्ती कोष (Revolving Fund) को महत्वपूर्ण भूमिका आदिको कारणले यो कार्यक्रम प्रभावकारी रहेको देखाएको छ ।
- घुम्ती कोषको उपयोग आय आर्जनका गतिविधिहरूमा भइरहेको तथा केही सामाजिक परिचालकहरूको सहयोगमा पूर्ण रूपमा सामुदायिक संस्थाद्वारा सञ्चालित र नियन्त्रित देखिन्छ ।

- वितरणमा समूहद्वारा पूर्ण रूपमा नियन्त्रण रहेको यो कोषको कुल घुम्ती रकम १९ अर्ब रहेको छ, जसमध्ये १५ अर्ब कोषद्वारा प्रदान गरिएको र ४ अर्ब समुदाय संस्थाद्वारा सिर्जित देखिन्छ। यसले ग्रामिण तहमा हुने गरेको चक्रबृत्ति ब्याज बाट मुक्ति दिएको बुझाई समुदायिक संस्थाको रहेको छ।
- कोषले सानो स्तरका पूर्वाधार जस्तै सिंचाई, साना-जलविधुत् तथा ठुलो स्तरका ग्रामीण सडक, बिद्यालय भवनहरूको बिकाशमा सहयोग पुर्याएको देखिन्छ र यसले सामाजिक तथा मानवीय आयामका बहुआयामिक गरिबी घटाउन मद्दत गरेको छ।
- कोषको सामाजिक परिचालनको पक्ष परिमाणात्मक र गुणात्मक रूपमा उत्कृष्ट देखिदैन । यसले रूपान्तरणकारी भन्दा समूह निर्माण तथा परिचालनको ढाँचा अवलम्बन गरेको छ। त्यसकारण, समुदाय संस्थामा भएको कुनै महत्वपूर्ण सामाजिक सशक्तीकरण को असर र प्रभावले गरिबी निवारण कोषलाई प्रतिनिधित्व नगर्ने देखिन्छ।

ख) गैह्रआय सम्बन्धी प्रभावहरू:

- आय वृद्धि भएको तथा गुणस्तरीय जीवनप्रति सजगता अभिवृद्धि भएको,
- महिला तथा पिछडिएको समूहहरूमा जागरूकता अभिवृद्धि भएको,
- न्यून ब्याजदरमा रकम उपलब्ध भएको,
- समुह कार्यमा वृद्धि भएको,
- सामाजिक आत्मसम्मान, मर्यादा तथा आत्मविश्वासमा वृद्धि भएको,
- स्वास्थ्य, तथा शिक्षा सम्बन्धी सचेतना अभिवृद्धि भएको।

बिस्तृत प्रभाव मूल्याङ्कनको क्रममा अन्तर्वार्ता तथा सहायक श्रोतहरूको जानकारी अनुसार गरिबीलाई कोषको कार्यक्रमले मात्र नभई बहुपक्षको कार्यक्रमबाट असर परेको देखिन्छ।

**सबल तथा दुर्वल पक्षहरू:**

मूल्याङ्कनले औल्याएका केही सबल तथा दुर्वल पक्षहरू यसप्रकार छन्।

क) सबल पक्षहरू:

- वास्तविक लाभग्राहीसम्म पहूँच र लक्षित बर्ग पहिचान प्रभावकारी भएको
- व्यापक समुदाय संस्थाको परिचालन गरिएको
- समुदायमा प्रत्यक्ष लगानी भएको
- मागमा आधारित तथा लाभग्राही नियन्त्रित प्रक्रिया अवलम्बन गरिएको
- पारदर्शिताको साथै उच्च जन-सहभागिता र अपनत्वता महशुस भएको।

ख) दुर्वल पक्षहरू:

- सामाजिक परिचालन कमजोर रहेको,
- निकाश (Exit) रणनीति स्पष्ट नरहेको,
- समुह विकाशको प्रभावकारी अवधारणा नलिईएको,
- सामुदायिक संस्थाको गुणस्तरीय सेवा नभएको तथा कोषको अनुगमन तथा नियन्त्रण प्रभावकारी नदेखिएको।

**मूल्याङ्कनबाट देखिएका प्रमुख सवालहरू:**

- कर्मचारीको पेशागत दक्षता, अनुभवमा भिन्नता, संलग्न बिभिन्न एकाईहरूमा पारस्परिक विश्वासको कमी र सचिवालयको दक्षता न्यून रहेको,
- भ्रष्टाचारको मुद्दाहरूमा वृद्धि भएको,
- बोर्डको संरचनामा हुने राजनीतिक चासोले सचिवालयको काममा प्रभाव परेको,
- छिटो छिटो हुने कर्मचारीको परिवर्तनले कार्यक्रमको निरन्तरतामा असर परेको,
- खर्चिलो मोडेल भएको भन्ने सरकारी तथा सरोकारवालाहरूको अनुभूति रहेको ।

**सुझावहरू:**

बिभिन्न खोजहरूले नेपालको गरिबी निवारणमा अग्रगामी तथा मुख्य पात्रको रूपमा गरिबी निवारण लाई पहिचान गरेको छ । यसले विशेषगरी आर्थिक रूपमा तथा रोजगारी सिर्जनाद्वारा बहु-आयामिक गरिबी सम्बोधन गर्नमा प्रभावकारी भूमिका खेलेको छ । साथै यो मूल्याँकनले महिला सशक्तीकरणमा सकारात्मक तथा प्रमुख भूमिका निर्वाह गरेको बिभिन्न तथ्यहरूद्वारा पुष्टि हुन्छ । यो कार्यक्रमले धेरैलाई गरिबीको अवस्थाबाट माथि उठ्ने अवस्थामा पुर्याएको छ । यो कार्यक्रम बन्द हुने हो भने ती मध्ये केही पुनःगरिबीको कुचक्रमा फर्किने सम्भावना देखिन्छ ।

यस कार्यक्रमको सन्दर्भमा आगामी दिनको लागि निम्न सुझावहरू प्राप्त भएको छ ।

- ठूलो कार्यबोझको रूपमा ३२,००० को संख्यामा रहेका सामुदायिक संस्थाहरू घटाउनु आवश्यक छ ।
- नेपालको गरिबीको गहनता र परिवेश अनुसार यस कोषलाई निरन्तरता दिन नपर्ने कुनै कारण नरहेको ।
- भविष्यमा स्वायत्तता तथा स्व-नियन्त्रणको ढाँचालाई आत्मसाथ गर्दै स्थानीय सरकारसँग नजीक रही काम गर्नुपर्ने गरी पुनर्संगठन गर्नुपर्ने,
- अधिकांश लाभग्राहीहरू उपभोग स्तरबाट स्तरोन्नति नभएको हुँदा सो स्तर उकास्न आयमूलक गरिबीबाट माथि उठ्ने, आपसी सहमतिमा कार्य गर्ने, सामुदायिक सँस्थासंग तालमेल गर्ने तथा कोषले कार्यपद्दती परिवर्तन गरी स्थानीय स्तरका व्यावसायिक तथा रोजगारीमूलक गतिविधिहरू सञ्चालन गर्नुपर्ने र बृहत्तर वित्तीय सेवाहरू प्रदान गर्नुपर्ने,
- यस कोषले निर्माण गरेको भावी मार्ग-चित्रमा सामुदायिक संस्था, उत्पादन समूह, सामुदायिक सँस्थामार्फत बिकाश भएका सहकारी आदिसंगको बृहत संजालद्वारा ग्रामिण उद्यम तथा उद्यमशीलता निर्माण गर्न विद्यमान संरचनामा फेरबदल आवश्यक देखिन्छ । साथै विद्यमान समस्या र बर्तमान परिवेशबमोजिम सञ्चालन गर्न गरिबी निवारण कोषको सचिवालयको सञ्चालन प्रक्रिया एवम् व्यबस्थापनमा समेत सुधार आवश्यक देखिन्छ ।

## २ प्रारम्भिक बाल विकास कार्यक्रम

### पृष्ठभूमि

प्रारम्भिक बाल बिकास मानव जीवनको संवेदनशील अवस्था हो जसले भविश्यको संज्ञानात्मक, शारीरिक र मानसिक बिकासको आधार तयार गर्दछ। बिभिन्न अनुसन्धानले मानिसको बौद्धिक बिकासको मुख्य आधार उसको चारबर्षको उमेरमा निर्माण हुने गर्दछ भन्ने तथ्य उजागर गरेको छ । यस बिषयलाई महत्वदिई नेपालले पनि प्रारम्भिक बाल बिकास रणनीति, सन् २००४-२०१५ लागु गरेर बालबिकासका कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको पाइन्छ ।

### कार्यक्रमको मूल्याङ्कनका उद्देश्यहरू

प्रारम्भिक बाल बिकासका क्षेत्रमा हालसम्म भएका प्रयास र सोबाट प्राप्त नतिजाको अध्ययन गर्ने, प्रारम्भिक बाल बिकास रणनीतिले प्रारम्भिक बाल बिकासका अवधारणालाई राष्ट्रिय नीति, कार्यक्रम तथा सम्बन्धित निकायहरूसंग कसरी अन्तरसम्बन्धित गरेको छ र सोको कार्यान्वयनको अवस्था कस्तो छ बिश्लेषण गर्ने तथा समग्र मूल्याङ्कनको आधारमा आगामी दिनमा नयाँ रणनीतिको लागि आधार तय गर्नु यस मूल्याङ्कनका उद्देश्यहरू हुन् ।

### कार्यक्रमको संक्षिप्त परिचय

प्रारम्भिक बाल बिकास रणनीति (२००४-२०१५) ले पाँचबर्ष उमेरसम्मका बालबालिकालाई प्रारम्भिक बाल बिकासको सेवा प्राप्त गर्ने समूहको रूपमा व्याख्या गरेको छ। हाल देशैभरी रहेको ३५,९९१ निजी तथा सरकारी बालबिकास केन्द्रहरूमा ९,७७,३६५ बालबालिकाहरूले प्रारम्भिक बालबिकासका सेवा उपभोग गरिरहेका छन् । प्रारम्भिक बाल बिकासको अवधारणालाई सही रूपमा सम्बोधन गरेर सोसम्बन्धी रणनीति बनेको भएतापनि यसको कार्यान्वयन रणनीति अनुरूप हुन नसक्दा कार्यक्रम केही छायाँमा परेको, यस सम्बन्धमा अन्यौलको बातावरण सृजना भएको र प्रारम्भिक बाल बिकासका कार्यक्रम एकिकृत रूपमा अगाडि बढ्न नसकेको अवस्था छ।

### मूल्याङ्कनको विधि

प्राथमिक गुणात्मक अनुसन्धान र सँगसँगै द्वितीयक स्रोत र दस्तावेजबाट उपलब्ध संख्यात्मक तथ्याङ्कको प्रयोग गरी मूल्याङ्कनका उद्धेश्यहरूलाई सम्बोधन गरिएको छ। यो मूल्याङ्कनमा मिश्रित विधिको प्रयोग गरी विभिन्न स्रोतबाट प्राप्त गुणात्मक र संख्यात्मक प्रमाणहरूको लेखाजोखा गरी मूल्याङ्कनको सर्वाङ्गीण पक्षलाई विस्तृत र गहिरो ढङ्गले हेरिएको छ। शिक्षा, स्वास्थ्य, पोषण, वास (पानी, सरसफाइ र आरोग्यता) र संरक्षणजस्ता प्रारम्भिक बाल विकासका क्षेत्रमा चुनिएका सूचकहरूको राष्ट्रिय सन्दर्भमा विवरणात्मक आँकडा दिन माध्यमिक स्रोतको उपयोग गरियो । यसबाट प्राथमिक तथ्याङ्क सङ्कलनको रूपरेखा तय गर्न र गुणात्मक अनुसन्धान विधिबाट प्राप्त सूचनालाई रूजु गर्न मद्दत पुग्यो। तथापि कतिपय क्षेत्रमा उमेरगत रूपले अलग-अलग सङ्कलन गरिएकाजस्ता महत्वपूर्ण तथ्याङ्क उपलब्ध नहुनाले माध्यमिक विश्लेषण केही सीमाबद्ध हुनपुगेको छ।

### निष्कर्ष

यो मूल्याङ्कनका प्राप्तिहरूले के देखाउँछन् भने प्रारम्भिक बाल विकास रणनीति (२०६०-२०७२) को समयावधिमा प्रारम्भिक बाल विकास सेवाहरूमा सामान्यतया सुधार भएको छ । समग्रमा प्रारम्भिक बाल विकास कार्यक्रमले प्रभावकारी सन्देश दिनसकेको देखिन्छ। पछिल्लो एक दशकमा प्रारम्भिक बाल विकास कार्यक्रममा विनियोजन गरिने बजेटमा पाँचगुणा बृद्धि भएको देखिन्छ। यसबाट यो क्षेत्रले पाएको प्राथमिकता बुझ्न सकिन्छ। सबै बालबालिकाका लागि प्रारम्भिक बाल विकास सेवाहरू विस्तार र सुधार गर्ने विषयमा बलियो राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता देखिएबाट यो क्षेत्रको दिगोपन सुरक्षित देखिन्छ।

ती सुधारहरूका बाबजुद, भौगोलिक वा सम्पन्नताका हिसाबले विभिन्न समूहमा पर्ने बालबालिकाको ती सेवासम्मको पहुँच र सेवाहरूको गुणस्तरमा ठूलो खाडल देखिएको छ। प्रारम्भिक बाल विकास सेवाहरू प्रदान गरिएको विषयका सन्दर्भमा सबै बालबालिकाले उनीहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू पाइरहेका छन् भन्ने ठोस आधारहरू देखिएनन् । नेपालको प्रारम्भिक बाल विकास रणनीतिले परिकल्पना गरेअनुरूप तत्सम्बन्धी सेवाहरूको एकीकृत रूपमा प्रवाह हुननसक्दा सो नीतिको प्रभावकारितामा सबैभन्दा धेरै बाधा पुगेको देखिन्छ।

**सुझावहरू**

१. प्रारम्भिक बाल विकास रणनीतिको अवधारणा विकास र परिकल्पनादेखि सबै चरणमा समग्र अपनत्व सबै क्षेत्रगत मन्त्रालयहरू र निकायहरूले पूर्वनिर्धारित ढाँचाअनुसार लिनुपर्दछ । सम्बन्धित सरकारी निकायबाट एकजना प्रतिनिधिलाई प्रारम्भिक बाल विकास रणनीतिको मस्यौदा तयार पार्ने र पाँच वर्षमुनिका बालबालिकाका लागि बनाइने आफ्नो विभागका सबै नीति तथा कार्यक्रमहरूमा रणनीतिको सामञ्जस्यता कायम गर्न लगाउनु उपयुक्त हुन्छ । एक विशिष्ट निकाय, जस्तै शिक्षा मन्त्रालयभन्दा राष्ट्रिय योजना आयोग जस्तो अन्तरक्षेत्रगत निकायले यसको समन्वय गर्नुपर्छ ।

२. नयाँ संघीय संरचनाअन्तर्गत नेपाल बृहद् विकेन्द्रीकरणमा गइ राखेकोले प्रारम्भिक बाल विकासको समग्र पद्धति निर्माण गरी सेवा प्रवाह गर्नसकिने राम्रो अवसर जुरेको छ । अधिकांश स्थानीय सरकारहरूलाई प्रारम्भिक बाल विकासको पूर्वअनुभव नहुनसक्ने भएकाले स्थानीय सरकारहरूले आ-आफ्नो प्राथमिकताअनुसार प्रारम्भिक बाल विकास सेवा हरेक स्थानीय सरकारमा अत्यन्तै फरक फरक हुनसक्ने जोखिम देखिन्छ जसले गर्दा अहिले देखिएको भौगोलिक र सम्पन्नतामा आधारित असमानता सम्बोधन हुनुको साटो झन् बल्झिने सम्भावना छ । त्यसैले स्थानीय सरकारहरूले प्रारम्भिक बाल विकास रणनीति बनाउन र सम्बद्ध सेवाहरू एकीकृत रूपमा र समतामूलक ढङ्गले प्रदान गर्न सहयोग पाउनु पर्दछ ।

३. प्रारम्भिक बाल विकास रणनीतिले गर्भावस्थादेखि शिशु पाँच वर्षको नभइन्जेल प्रारम्भिक बाल विकास अन्तर्गत केके न्यूनतम सेवाहरू पाउनुपर्ने हो स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ । यस्तो खालको सेवाको नक्शाङ्कनमा समयगत (अर्थात् शिशुले उमेरअनुसार पाउनुपर्ने सेवाहरू) र विषयगत (अर्थात् पोषण, स्वास्थ्य, संरक्षण, वास र शिक्षालगायतका शिशु विकाससँग जोडिएका सेवाहरू) लाई समावेश गर्नुपर्दछ । त्यसैगरी कुन सेवा कुन निकाय वा अधिकारीले दिने हो सोको जिम्मेवारी पनि किटानसाथ तोकिनुपर्दछ ।

४. प्रारम्भिक बाल विकासका लागि मुख्य सेवाहरू पहिचान भएपछि, अनुगमन तथा मूल्याङ्कनको हिसाबले केही प्रमुख सूचकहरू तय गर्नुपर्छ जसले रणनीतिको शुरूदेखि सञ्चालन अवधिभित्र कार्यक्रमका सफलता (वा असफलता) मापन गर्न मद्दत गर्दछन् । त्यसपछि प्रत्येक मन्त्रालय र सम्बद्ध स्थानीय सरकारहरूले तय भएका सूचकअनुसार व्यवस्थापन सूचना प्रणालीमार्फत खण्डिकृत तथ्याङ्क नियमित रूपमा सङ्कलन गर्नुपर्दछ । यसरी सङ्कलन गरिएको सूचनाले कार्यक्रमको कार्यसम्पादन लेखाजोखा गर्न र भावी कार्यक्रमको रूपरेखा र सेवाप्रवाहलाई दिशानिर्देश गर्न सक्छ ।

५. प्रारम्भिक बाल विकास रणनीतिमा उल्लेख गरिएका सेवालाई भरपर्दो स्रोत योजनाले पनि साथ दिएको हुनुपर्दछ । त्यसैगरी रणनीतिले लक्षित गरेका कार्यक्रममा आवश्यक स्रोत विनियोजन गर्न बलियो राजनीतिक बचनबद्धता पनि जरूरी हुन्छ ।

६. विपन्न बालबालिकाका लागि विशेष जोड दिनुपर्दछ र प्रारम्भिक बाल विकास रणनीतिले माग र आपूर्ति पक्षको पनि स्पष्ट रूपले खाका दिनुपर्दछ जसले गर्दा ती बालबालिकाको ती सेवासम्मको पहुँचलाई सुदृढ बनाउन मद्दत पुग्छ ।

७. आगामी प्रारम्भिक बाल विकास रणनीतिले बालबालिकालाई दिइने प्रारम्भिक बाल विकास सेवाको गुणस्तरलाई स्पष्ट रूपमा तोकिदिनु पर्दछ ।

## १०. आन्तरिक मूल्याङ्कन गरिएका आयोजनाहरुको मूल्याङ्कन प्रतिवेदनको सारांश

### १) पर्यटन पूर्वाधार विकास आयोजना

#### क. पृष्ठभूमि

पर्यटन पूर्वाधार विकास कार्यक्रम आ.व. २०६५/६६ देखि जनतालाई प्रत्यक्ष अनुभूत हुने गरी विकासका कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यले सुरुवात भएको । यस आयोजना अन्तरगत महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको पहिचान, गुरुयोजना तथा प्रोफाइल तयारी, विस्तृत परियोजना प्रतिवेदन तर्जुमा लगायतका कार्यहरु सञ्चालन हुँदै आइरहेको भएपनि हालसम्म के कस्ता पर्यटन पूर्वाधारहरु कति संख्यामा कहाँ कहाँ निर्माण भए भन्ने स्पष्ट र एकिकृत अभिलेख उपलब्ध नरहेको । यस आयोजनाको लागि विगत छ आ.व.को विनियोजित बजेटको ८३.८ प्रतिशत खर्च भएको छ भने आयोजनाको कार्यसम्पादन प्रगति ८३.६ प्रतिशत रहेको छ। मुलुक संघीय संरचनामा प्रवेश गरेसंगै नीतिगत र राष्ट्रिय प्राथमिकताका कार्यहरु संघीय मन्त्रालय र विभागले गर्ने गरी क्षेत्रीयस्तरका सातवटा पर्यटन कार्यालयहरु प्रदेश तहमा समायोजन हुने प्रक्रियामा रहेको छ।

#### ख. मूल्याङ्कनको उद्देश्य, विधि तथा प्रकृयाहरु

यस आन्तरिक मूल्याङ्कनको समग्र उद्देश्य पर्यटन पूर्वाधार विकास आयोजनाको कार्य सम्पादनस्तरको अध्ययन गर्नु, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाको लेखाजोखा गर्नु नै यस मूल्याङ्कनको उद्देश्य रहेको छ । मूल्याङ्कनका लागि आवश्यक सूचना तथा जानकारीहरु संकलन गर्दा गुणत्मक विधिको प्रयोग गरिएको जस अन्तरगत लक्षित समुहसंगको छलफल, मुख्य जानिफकारसंगको अन्तर्वाता तथा स्थलगत अवलोकन प्रयोग गरिएको । यसको अलवा नेपाल सरकारका नीतिहरु, आधिक योजना, बार्षिक विकास कार्यक्रम, बार्षिक प्रगति प्रतिवेदन, चौमासिक विभाजन, अन्य सान्दर्भिक विवरणहरु तथा दिगो विकास लक्ष्यसम्बन्धी दस्तावेजहरुको अध्ययन गरी मूल्याङ्कन पुरा गरिएको ।

#### ग. मूल्याङ्कनका नतिजाहरु

**कार्य सम्पादन**

सन्तोषजनक रहेको । विगत पाँचवर्षको कार्यप्रगति समग्रमा ८३.६६ प्रतिशत रहेको, विनियोजित बजेटको ८४ प्रतिशत खर्च भएको, करिब ९० प्रतिशत योजनाहरु तोकिएको समयमा नै सम्पन्न भएको, तोकिएको कार्यनीति अनुरुप उपभोक्ता समितिहरु मार्फत नै पूर्वाधार निर्माण भएको ।

**सान्दर्भिकता**

अति सान्तर्दिक रहेको । राष्ट्रिय नीति, आवधिक योजना, दिगो विकास लक्ष्यसंग प्रत्यक्ष अन्तर सम्बन्धित रहेको, स्थानीय सरोकारवाला तथा लाभग्राहीबाट समेत कार्यक्रम अति सान्दर्भिक रहेको प्रतिक्रिया प्राप्त भएको, योजना निर्माण र उपभोगका जिम्मेवार उपभोक्ता समितिहरु समावेशी रहेको ।

**प्रभावकारिता**

प्रभावकारी रहेको । कार्यक्रमको लक्ष्य र उद्देश्य अनुरुप पर्यटकीय क्षेत्रको पहिचान, गुरुयोजना निर्माण र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको । पूर्वाधार निर्माण कार्यले स्थानीयस्तरमा प्रत्यक्ष रोजगारी प्राप्त भएको, कार्यक्रम प्रति सरोकारवालहरु पनि सन्तुष्ट नै रहेको ।

**कार्यदक्षता**

कार्यदक्षतापूर्ण रहेको । बिगत छ आ.ब.मा विनियोजित बजेटको करिब ८४ प्रतिशत खर्च भएको, पुँजीगत तर्फ ७०.४२ र चालु तर्फ २९.५७ प्रतिशत विनियोजन भएको तथा सोको तुलनामा पुँजीगत तर्फ ८० र चालुतर्फ ९२.३ प्रतिशत उपयोग भएकोले श्रोत बिनियोजन र उपयोग सक्षमतापूर्ण रहेको र ीःद्मक्ष्क लागु भएपछि बजेट निकासा समेत सहजरुपमा भएको ।

**प्रभाव**

सकारात्मक प्रभाव परेको । कुल रु २० लाखको आयोजना कार्यान्वयन गर्दा ७५० जनाले एकदिनको रोजगारी प्राप्त गरेको, पर्यटन पूर्वाधार विकासका कारण एकै गाऊँमा ४२ वटासम्म होमस्टे सञ्चालन भएको, दैनिक एक हजार पर्यटन भित्रने स्थानमा ६/७ हजारसम्म पर्यटनको आगमन भएको । कुल ३० लाख लागतमा निर्मित संरचनाले बार्षिक ३ लाख राजश्व सङ्कलन गरेको र दैनिक २०० पर्यटकले भ्रमण गर्ने गरेको ।

**दिगोपना**

दिगोपना भएको । यस कार्यक्रमको लागि आवश्यक श्रोत नेपाल सरकारबाटै विनियोजन भएको र आगामी आ.व.बाट स्थानीय तहमा ससर्त अनुदान जाने तयारी भएको छ । स्थानीय तहले आफ्नो आवश्यकता अनुसारका आयोजनालाई थप प्राथमिकतामा राखेर सञ्चालन गर्न सक्ने संभावना पनि उत्तिकै रहेको छ । यसरी स्पष्ट योजना, मापदण्ड र प्राथमिकताका साथ आयोजना कार्यान्वयन गर्न सक निजी क्षेत्रसमेत आकर्षित भई लगानी जुट्ने सम्भावना भएको । आगामी दिनमा स्थानीय निकायको निरन्तर अनुगमन र सहयोगमा पूर्वाधारको गुणस्तरसमेत उकास्नसक्ने सम्भावना भएको ।

**समग्र मूल्याङ्कन**

सन्तोषजनक रहेको । मूल्याङ्कनलाई (क) देखि (ङ) सम्म पाँचवटा तहमा स्तरीकरण गरिएको गर्दा कार्यसम्पादन (ख) स्तर, सान्दर्भिकता (क) स्तर, प्रभावकारिता (ग) स्तर, कार्यदक्षता (ख) स्तर, प्रभाव (ग) स्तर तथा दिगोपना (ख) स्तरको रहेको छ । मूल्याङ्कनका ६ वटा आधारहरु मध्ये तीनवटाले (ख) स्तर, एउटाले (क) स्तर तथा दुईवटाले (ग) स्तर प्राप्त गरेकोले समग्र मूल्याङ्कन (ख) स्तरको अर्थात सन्तोषजनाक रहेको ।

**घ.मूल्याङ्कनका क्रममा प्राप्त सवालहरु**

**योजना तर्जुमासम्बन्धी सवाल**

- पर्यटकीय क्षेत्रको विकासका लागि सम्भाव्यता अध्ययन, गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर) बनाएर कार्यक्रम कार्यान्वयन गर्ने नगरिएकोले कार्यक्रमको अपेक्षित परिणाम प्राप्त हुन र सो परिणामको मापन गर्न कठिन भएको ।
- कतिपय कार्यक्रमहरु पहुँचका आधारमा छनौट भएकोलेउपभोक्ता समितिहरु नै उपस्थित नहुने, सोको निर्माणमा स्थानीयले तदारुकता नदेखाउने, अपनत्व नलिने तथा कतिपय कार्यक्रमको निर्माण स्थल नै नभेटिने जस्ता समस्या रहको ।
- पर्यटन पूर्वाधारका अधिकांश कार्यक्रमहरु छरिएर रहेका ।

**कार्यान्वयनसम्बन्धी सवाल**

- मुलुक तीन तहको संरचनामा परिवर्तन भएसँगै यस आयोजना सोही बमोजिम कार्यान्वयन हुने प्रक्रियामा रहेपनि थप तयारीको आवश्यकता रहेको ।
- सालबसाली कार्यक्रम भएको हुनाले एक पटक मात्र विनियोजन भएको बजेट अपुग हुने तथा दोहोरिएर बजेट विनियोजन नहुँदा कतिपय कार्यक्रमहरु सम्पन्न हुन नसकी अधुरो रही श्रोत दुरुपयोग भएको ।
- पर्यटन कार्यालय एवं विकास समितिमा पर्याप्त प्राविधिक जनशक्तिको कमीले योजना सञ्चालन गर्न कठिन हुने गरेको ।
- कतिपय पर्यटन प्रवर्द्धन विकास समितिहरुको प्रभावकारीतामा प्रश्न उठेको ।
- वन तथा निकुञ्जका क्षेत्रमा पूर्वाधार विकासका लागि स्वीकृति लिन समस्या भएको ।

- पर्यटकीय क्षेत्रको संरक्षण, प्रवर्द्धन र पूर्वाधार विकासका लागि स्थापित विभिन्न निकायहरु बीच समन्वयको कमी भएको ।
- निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य नसक्ने ।
- उपभोक्ता समितिहरु बीच पनि बिवाद हुने तथा समयमा सम्झौता हुन नसक्ने ।

**अनुगमन र उपयोगसम्बन्धी सवाल**

- नियमित अनुगमनको व्यवस्था कमजोर रहेको ।
- गुरुयोजना तयार भएर सो अनुरुप कार्यान्वयन भएका योजनाहरु प्रभावकारी देखिएको ।
- विगतदेखि नै स्थानीय तहमा कार्यान्वयनका लागि पठाइएका कार्यक्रमहरु स्थानीय तहको कार्यव्यस्तता र अन्य प्राथमिकताले गर्दा प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको र नियमित रुपमा प्रगतिसमेत प्राप्त हुने नगरेको ।
- सरोकारवालामा बजेट र खर्च प्रणालीको बारेमा चेतनाको कमी हुँदा लक्ष्य अनुसारको प्रगति गर्न कठिन भएको, छरिएर रहेका योजनाहरुको अनुगमनमा कठिनाइ भएको ।
- पर्यकीय क्षेत्रमा छनौट नभएका योजना र पर्यटकीय क्षेत्रका अन्य पूर्वाधारहरु नबनेका क्षेत्रका योजनाले तत्काल लाभ दिन नसकेको तथा मर्मत संभारको लागि श्रोत अभाव रहेको ।
- आयोजनाको प्रभावकारिता र कार्यान्वयन सक्षमतालाई सम्बन्धित क्षेत्र, सामाजिक, आर्थिक र राजनीति अवस्थाले समेत असर गरेको ।

**ङ.सुझावहरु**

**नीतिगत सुधारका लागि सुझाव**

**संघीय तहबाट कार्यान्वयन गर्नुपर्ने**

१. पर्यटन पूर्वाधार अन्तरगत कस्ता कस्ता आयोजना/क्रियाकलापहरु सञ्चालन गर्ने भनी एकिन गर्न मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्ने ।

२. पर्यटकिय गन्तव्यहरुको एकीकृत रुपमा पूर्वाधार विकास गर्ने मोडल (Integrated Tourism Development Model) को नीति लिने ।

३. उपभोक्ता समितिबाट पर्यटन पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गराउने कार्यविधि, २०७१ संघीयता अनुरुप परिमार्जन गर्ने ।

४. पर्यटन पूर्वाधार विकास मार्फत पर्यटकीय उपजहरुको विविधकरण गर्न पाँच वर्षीय मध्यकालीन कार्यनीति बनाउने ।

५. आयोजनाहरु कार्यान्वयन गर्दा प्रदेश तथा स्थानीयसंगको सहकार्यमा सञ्चालन गर्ने नीति अवलम्बन गर्ने ।

**प्रदेश तहबाट कार्यान्वयन गर्नुपर्ने**

६. प्रदेश अन्तरगतका स्थानीय तहबाट सञ्चालित क्रियाकलापमा एकरुपता ल्याउन आवश्यक समन्वय, अभिलेख व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्ने ।

७. प्रदेशको कार्यक्षेत्र भित्र रहेको दुई वा दुईभन्दा बढी स्थानीय तहमा पर्ने पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने ।

**स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने**

८. आयोजनाको पहिचान, कार्यान्वयन, सञ्चालन, र मर्मत सम्भारका लागि स्थानीय समुदाय र उपभोक्तालाई जिम्मेवार बनाउने ।

**तीनै तहबाट कार्यान्वयन हुनुपर्ने**

९. आयोजनाहरुको पहिचान, सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी र कार्यान्वयनमा तीनै तहको सहकार्य र समन्वय हुने गरी सञ्चालन गर्न कार्य नीति तयार गर्ने ।

१०. तत्काल लाभ प्राप्त गर्न सकिने पूर्वाधारमा सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गर्ने ।

**व्यवस्थापकीय सुधारका लागि सुझावहरु**

**संघीय तहबाट कार्यान्वयन गर्नुपर्ने**

१. सम्बन्धित निकायहरुबाट प्रस्तावित योजनाहरुको छनौट गर्दा सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र गुरुयोजना भएकालाई मात्र बजेट विनियोजन गर्न मार्गनिर्देश गर्ने ।

२. सञ्चालनमा रहेका-संघ, प्रदेश र स्थानीयतहहरुको कार्यक्षेत्रमा पर्ने पूर्वाधार विकास कार्यक्रमहरुको जानकारी सहितको विवरण र आयोजनाहरुको सूचना सहितको प्रतिवेदन तयार गरी प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने ।

३. आयोजनासम्बन्धी एकीकृत तथ्याङ्क र अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणालीको स्थापना गर्ने ।

४. यस आयोजना अन्तर्गत बन्ने विभिन्न संरचनाहरुको प्रतिइकाई लागतको खाका तयार गर्नु पर्ने ।

**प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने**

५. आफ्नो अधिकार क्षेत्रभित्रका आयोजनाहरुको छनौट, कार्यान्वयन, अभिलेख व्यवस्थापन र नियमित अनुगमन गर्ने ।

**तीनै तहहरुबाट कार्यान्वयन गर्नुपर्ने**

६. पर्यटन पूर्वाधार विकास आयोजनाहरुको छनौट गर्दा पर्यटकीय क्षेत्रमा रहेका आयोजनाहरु, मागमा आधारित भएर छनौट गर्ने । पहिचान भएका क्षेत्रको गुरुयोजना तर्जुमा गरेर मात्र कार्यान्वयन गर्ने ।

७. आयोजनाको सोच तालिका तयार गरी स्पष्ट नतिजा खाका अनुसार लक्ष्य तोकेर कार्यान्वयन गर्ने ।

८. आयोजनाको एकीकृत अनुगमन योजना निर्माण गरी सो अनुरुप अनुगमनमा बजेटको व्यवस्था र कार्यान्वयन गर्ने ।

## ११. आयोजनाहरूको स्थलगत निरीक्षण

आ.व. वर्ष २०७४/७५ मा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको नेतृत्वमा गरिएको स्थलगत अनुगमनबाट आयोजनाहरूमा देखिएका समस्या तथा समाधानका सुझावहरू

### १) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनामा वाढीवाट पुगेका क्षतिको अनुगमनः

**समस्याहरूः**

(१) बाढीवाट वारा जिल्लाको ११,१६० हेक्टर धानखेतीयोग्य जग्गामा क्षति पुगेको ।

(२) माछापालन गरिएको ३०० हेक्टर क्षेत्रमा वाढीवाट क्षति पुगेको ।

(३) वाढीवाट तरकारी खेती गरिएको ७,४४० हेक्टर जग्गामा क्षति पुगेको ।

**सुझावहरूः**

(१) भविष्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नुपर्ने ।

(२) तराईमा विपद् पूर्व सचेतना प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।

(३) अनुदान सहितको गहुँको विउ र तरकारीको विउ राहतको रूपमा तत्काल उपलव्ध गराउने ।

(४) बाढीलाई प्रतिरोध गर्न सक्ने जातको धानखेतीलाई प्रवर्द्धन गर्नुपर्ने ।

(५) कृषि विमालाई कृषि व्यववायको अभिन्न अंगको रूपमा कृषकले अंगीकार गर्नुपर्ने वातावरण निर्माण गर्नुपर्ने ।

### २) कृषि मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमहरूः

### क) सुपरजोन कार्यान्वयन इकाई (धान) वनियानी झापाः

**समस्याहरूः**

(१) साना तथा अधिया कृषकहरूको वढी संलग्नता रहेको तर कृषि पेशामा जग्गाधनीको संलग्नता कम रहेको,

(२) केवल निर्वाहमुखी कृषि प्रणाली हुनाका साथै कृषिमा व्यावसायीकरण यथेष्ट रूपमा हुन नसक्नाले कृषि उत्पादन र उत्पादकत्वमा निकै कमी देखिएको,

(३) उत्पादित कृषि उपजको उचित वजार व्यवस्था नहुनु, सक्रिय जनशक्ति विदेश पलायन हुनाले पनि कृषि उत्पादनमा वढ्दो उत्पादन लागत देखिएको, जलवायु परिवर्तनको केही नकारात्मक प्रभाव महशुस भएको ।

(४) जग्गाको वढ्दो खण्डीकरण र घडेरीकरणले गर्दा उर्वर कृषि भूमिमा ह्रास आउनुका साथै उत्पादकत्वमा कमी आएको,

(५) ग्रामीण तथा पूर्वाधारहरूको अभावले गर्दा उत्पादनका सामग्रीहरूको पर्याप्त आपूर्ति तथा विक्री वितरणमा समस्या हुने गरेको ।

(६) अनुसन्धान, शिक्षा र प्रसारको कमीले गर्दा पनि विषादीको सुरक्षित प्रयोगवारे जानकारीको अभाव देखिएको

**सुझावहरूः**

(१) परियोजनाका तर्फवाट समाधान हुन नसक्ने समस्या र सोको समाधानका लागि आवश्यक हुने श्रोत, साधन र समन्वयमा जोड दिनुपर्ने ।

**ख) झापास्थित Custom Hiring Center:**

**समस्याहरू:**

(१) महिलामैत्री यन्त्रहरूको आवश्यक व्यवस्था नभएको र कृषि उत्पादन र उत्पादकत्वमा महिलाको सहभागिता न्यून रहेको ।

**सुझावहरू:**

(१) कृषिको व्यवसायी र औद्योगीकरणका लागि यस्ता सेन्टरहरू र पोष्ट हार्भेष्ट सेन्टरको स्थापना गरी कृषि क्षेत्रमा बढ्दो लागत र आयातमा न्यूनीकरण गर्नुपर्ने ।

**ग) गोरखा टी र इलामेली चिया उत्पादक संस्था, फिक्कल इलामः**

**समस्याहरू:**

(१) नेपालको अर्गानिक चियाको विश्व वजार राम्रो भएको सन्दर्भमा सरकारले निजी चिया उत्पादनहरूलाई विशेष सहयोग गर्नु आवश्यक भए तापनि सहयोग प्राप्त हुन नसकेको ।

(२) निजी चिया उत्पादकहरूलाई पनि सरकारले विशेष सहयोग गर्नुपर्ने ।

(३) चिया उद्योगमा कार्यरत कामदारहरूलाई उचित मूल्य नदिएको ।

(४) चिया विस्तार आयोजनावाट किसानहरूलाई राम्रो सेवा उपलव्ध नभएको ।

**सुझावहरू:**

(१) कफि चिया उद्योगलाई अर्ग्यानिक बनाउनुपर्ने ।

(२) किसानले उत्पादन गरेको हरियो पत्तिको उचित मूल्य निर्धारण गर्नुपर्ने ।

**घ) पूर्वार्द्ध डेरी उद्योगः**

**समस्याः**

(१) झापाको अर्जुनधारा नगरपालिकामा संचालनको रहेको डेरी उद्योग क्षेत्रमा पनि सुपारी जोन स्थापना गर्न आवश्यक भए सुपारी जोन स्थापना हुन नसकेको ।

**सुझावः**

(१) डेरी उद्योग क्षेत्रमा सुपारी जोन स्थापना गर्न छिट्टै कार्यान्वयन लैजान आवश्यक रहेको ।

**३) व्यावसायिक कृषि तथा व्यापार आयोजनाः**

**समस्याहरू:**

(१) डायमण्ड एग्रिकल्चर एण्ड रिसर्च सेन्टर प्रा.लि. झापामा वजारको माग अनुसार सुँगुरको मासु उत्पादन गर्न नसकेको ।

(२) वधशालाको लागि मेशिन जडान कार्य शुरू गर्न नसकिएको ।

(३) पूर्वार्द्ध कृषि सहकारी संस्था लि.ले दुग्धजन्य पदार्थको उत्पादन तथा विक्री वितरण समेत गर्नुपर्ने भनिएकोले तत् सम्वन्धमा अनुभव र ज्ञान नभएका मानिसहरू संलग्न भएमा जोखिम हुने संभावना रहेको ।

**सुझावहरू:**

(१) उप-आयोजनाहरू संचालन गर्नुपर्ने उद्यमीहरूको प्राविधिक ज्ञान र दक्षता अभिवृद्धि तथा परामर्श सेवा उपलव्ध गराउनु आवश्यक देखिएको ।

(२) कृषि उद्यमीहरूलाई अनुदान भन्दा सहुलियतपूर्ण ऋण उपलव्ध गराउनमा जोड दिनुपर्ने ।

## ४) नारायणघाट-मुग्लिन सडक आयोजनाः

**समस्याहरू:**

(१) आयोजना कार्यान्वयनमा सामान्य प्रशासन समूहको नायव सुव्वा दरवन्दी लामो समयदेखि रिक्त भएको हुँदा दोश्रो चरणको मुआव्जा वितरण लगायत अन्य प्रशासनिक कार्यमा अवरोध उत्पन्न भएको ।

(२) आयोजना कार्यान्वयनको समयसीमाको म्याद थप गरिएको भएतापनि थपिएको म्याद अनुरूप पनि लक्ष्य अनुसारको प्रगति नभएको ।

(३) तीनवटै प्याकेजका ठेकेदार कम्पनीका प्रतिनिधिहरूसंग भएको छलफलमा आयोजनाको काम विविध कारणले अझै पनि समयमा सक्न कठिनाई भएको जानकारी अनुगमन टोलीसमक्ष गराइएको भएतापनि विद्यमान वाधा अड्चन हटाई समयमै काम सम्पन्न गर्न निर्देशन भएको ।

(४) साँघूरा घुम्तीहरूमा लामा र अधिक भार वोक्ने सवारी साधन गुड्नु, लेन अनुशासनको उल्लघंन, साँघूरो पूल तथा सडक अनि ठूला सवारी साधनले गर्दा आयोजनाको कार्यमा वाधा उत्पन्न भएको ।

(५) जलविरेदेखि कालीखोला पहिरोको बढी संभाव्य जोखिम सम्भावित क्षेत्र रहेको । साथै टोपे खोलाको पहिरो र कालीखोलाको पहिरो पनि प्रमुख वाधकका रूपमा रहेको ।

(६) स्थानीय रोजगार सृजनामा मद्दत नै पुर्याएको पाइयो तर सीप नचाहिने कार्यमा मात्र उपयोग भएको र आधुनिक मेशिनरी, औजार र प्रविधिको ज्ञान हस्तान्तरण गर्नुपर्ने गरी तालीम प्रदान नभएको ।

**सुझावहरू:**

(१) राजधानीलाई अन्य भूभागसंग जोड्ने एक प्रमुख मार्ग भएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारको निम्ति समेत एक महत्वपूर्ण आयोजना भएकोले सडक स्तरोन्नतिका कार्य हुँदा आवागमनको विकल्प पहिचान गरेर कार्य अघि वढाइन उपयुक्त हुने ।

(२) सवारी चापलाई व्यवस्थापन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ट्राफिक प्रहरी र सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरूले सवारी आवागमन निषेधको उपयुक्त समय निर्धारण गरी सडक विस्तारको कार्यलाई सहजीकरण गर्नुपर्ने ।

(३) भीर कटान कार्यमा स्लोप निर्धारण गर्दा भविष्यमा कुनै पनि दुर्घटना र अप्ठ्यारो परिस्थिति उत्पन्न नहुने गरी गर्नुपर्नेमा सो गरेको नपाइएकोले यस विषयमा सडक विभागले समेत कडाइकासाथ निर्देशन हुन आवश्यक देखिन्छ ।

(४) स्थलगत अनुगमन तथा निरीक्षणवाट आवश्यक निर्देशन भए तापनि काममा ढिलासुस्ती गरेको पाइएको सरोकारवाला निकायले यस विषयमा सावधानी अपनाउनु आवश्यक देखिन्छ ।

(५) आयोजना सम्पन्न भइसकेपछि पनि यस सडक खण्डमा रहेका १८ वटा पूलहरू विस्तारित सडकका तुलनामा अत्यन्त साँघूरा हुने भएकाले आवागमनमा कठिनाई सृजना भई ट्राफिक व्यवस्थापनमा असहजता हुने भएकाले यथाशीघ्र विस्तार वा निर्माणको कार्यमा सडक विभागले अग्रसरता देखाउन आवश्यक रहेको ।

(६) भविष्यमा पहिरोजन्य प्रकोप नियन्त्रणका लागि भएको वायो इन्जीनियरिङसम्वन्धी कार्यमा सरोकारवालाहरूको ध्यान पुग्नुपर्ने ।

**५) मेलम्ची खानेपानी आयोजनाः**

**समस्याहरूः**

(१) राजनीतिक संक्रमणकाल लगायतका कारण जग्गा प्राप्ति र सहायक पूर्वाधार निर्माणमा लामो समय (२००१ देखि २००९) लागेको ।

(२) समय समयमा हुने स्थानीय अवरोध एवं स्थानीय वासिन्दाका मागहरू बढेको ।

(३) पुरानो ठेक्का तोडी नयाँसंग ठेक्का सम्झौता गर्न थप समय लागेको ।

(४) ठेक्का सम्भौताकर्ताको कमजोर नगद प्रवाह (NC: EURO Ratio 28:72)रहेको।

(५) आयोजना प्रमुखहरूको छिटो छिटो सरूवा भैरहनु (२०५६ साल देखि हालसम्म १० पटक) ।

**सुझावहरूः**

(१) आयोजनालाई छिटो सम्पन्न गर्न ग्याल्थुम सिन्धु खण्डको सुरू भेन्टिलेसन साफ्टस्को निर्माण कार्य यथाशक्य चाँडो सम्पन्न गर्नुपर्ने ।

(२) हाललाई मुहानबाट डि.आइ. पाइपमार्फत सुरूङमा खानेपानी पठाउने अस्थायी व्यवस्थाको लागिहेडवर्क्सको निर्माण कार्य यथाशिघ्र छिटो सम्पन्न गर्नुपर्ने ।

(३) आयोजना संचालनका समयमा टनेल सर्भेलियन्स सिस्टममा आउन सक्ने जटिलताहरूलाई न्यूनीकरण गर्न उचित प्रविधि एवं दक्ष प्राविधिक जनशक्ति परिचालन गर्नुपर्ने ।

(४) वैदेशिक ऋणमा निर्माण गरिएको आयाजना हुनाले ऋण तिर्ने प्रयोजनको लागि समेत खानेपानीको उचित शुल्क निर्धारण हुनुपर्ने ।

(५) आयोजना दोश्रो चरण अन्तर्गत याङ्री र लार्के खोलाबाट १७/१७ करोड लिटर प्रतिदिन प्राप्त हुनसक्ने संभाव्यता भएकोले सो आयोजना यथाशीघ्र अगाडि बढाउनुपर्ने ।

**६) घरेलु तथा साना उद्योग विकास समिति, स्याङ्जाः**

**समस्याहरूः**

(१) दोस्रो चौमासिकको अन्त्य भई सक्दा समेत विकास कार्यक्रम शुरू नभएका एवं थोरै कार्यक्रम पनि सम्पन्न नभएको देखिदा कार्यक्रमको प्रभावकारिता नदेखिएको ।

(२) कार्यक्रमको अवधि धेरै छोटो हुंदा उद्यमीहरूलाई नियमित परामर्श र सहयोग गर्न सहज नभएको ।

(३) गाइ पालनमा संलग्न उद्यमीहरूले १८% व्याज तिर्नु पर्ने, दाना तथा औषधि समेत सहकारी संस्थाबाट नै खरिद गर्नुपर्ने साथै दुध पनि बजार मूल्यभन्दा धेरै कम प्रति लिटर रू.४७- मा सहकारी संस्थामा नै विक्री गर्नुपर्ने बाध्यता भएको ।

**सुझावहरूः**

(१) नयाँ उद्यमी सृजना गर्दा स्थानीय कच्चा पदार्थ, बजार र प्रविधिलाई ध्यान दिएर उद्यमी सृजना गर्ने एवम् उद्यममा संलग्नलाई स्तरोन्नतीमा ध्यान दिनुपर्ने ।

(२) उद्यमीहरूलाई आफ्नो व्यवसाय स्वतन्त्र रूपमा गर्न सक्ने गरी प्राथमिक क्षेत्र कर्जाको सुविधाका लागि सहजीकरण गर्नुपर्ने ।

(३) उद्यमीहरूको मागबमोजिम पशुपालनसम्बन्धी एडभान्स तालिम, बजारीकरण र लेखा व्यवस्थापनसम्बन्धी तालिम दिन जरूरी रहेको ।

(४) गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई अझ प्रभावकारी बनाउन एवं उद्यमीहरूलाई परामर्श तथा सहयोगका निमित्त बहुवर्षे कार्यक्रमका रूपमा सञ्चालन गर्नुपर्ने ।

(५) स्थानीय तहमा लघु उद्यम सहजकर्ताहरू समेत रहेको उद्यम विकास एकाई राख्नुका साथै गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम रणनीतिक योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने ।

## ७) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, तरकारी जोन, चितवन

**समस्याहरू:**

(१) तरकारी जोनको रूपमा तोकिएको क्षेत्रमा जमीनको खण्डीकरण भईरहेको र तीव्र रूपमा शहरीकरण बढी रहेको सन्दर्भमा कृषिका क्रियाकलाप संचालन हुन कठीन भएको ।

(२) प्राविधिक हिसाबले कृषिमा यान्त्रिकीकरण सम्भावना बढ्दै गए पनि चक्लावन्दीका लागि जग्गा प्राप्त गर्न कठीन रहेको ।

(३) आयोजनाले उत्पादनमा नै जोड दिएको तर मूल्य अभिवृद्धि गरेर बजारमा पुऱ्याउने क्रियाकलाप संचालन नगरेको ।

(४) वीमाको भुक्तानी पाउन व्यहोर्नु पर्ने झमेला गर्दा तरकारी उत्पादकहरू बीमामा आकर्षित हुन नसकेको

(५) अनुसन्धान कार्यमा संलग्न रहने नेपाल कृषि अनुसन्धान परिषदबाट जोनको लागि कर्मचारीको व्यवस्थापन हुन नसकेको ।

(६) आ.व. २०७४/०७५ मा भकारो सुधार जस्ता क्रियाकलाप राखेर आयोजनाले स-साना क्रियाकलापमा ध्यान केन्द्रित हुने सम्भावना एकातर्फ देखिन्छ भने चितवनमा कृषकहरूलाई एउटा गोठलाई रू ५२०० उपलव्ध गराएर के सहयोग गर्न खोजिएको हो भन्ने विषयमा आयोजनामा प्रष्टता नदेखिएको ।

**सुझावहरू:**

(१) कृषि भूमिको वर्गीकरण गरेर कृषि भूमिलाई आवासीय रूपमा प्रयोग गर्न नपाउने व्यवस्था तुरून्त लागू गरिनुपर्छ ।

(२) तरकारी जोनको आधार रेखा तथ्याकं तयार गर्नुपर्ने र यसका आधारमा कृषकहरूलाई अनुदान र कर्मचारीहरूलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने कार्य गरिनुपर्ने ।

(३) प्रोसेसिङ र प्याकेजिङ जस्ता कार्य गरेर मूल्य अभिवृद्धि गर्दै बजारमा कृषकहरूले राम्रो मूल्य प्राप्त गर्ने वातावरण तयार गर्नुपर्ने ।

(४) केराको बोटमा क्षति भएमा प्रति बोट रू २०० बीमा वापतको रकम उपलव्ध गराए झै तरकारीको क्षति उपलव्ध गराउने सरल प्रणालीको विकास गर्दै किसानहरूलाई जोखिम न्यून गर्नका लागि वीमा गराउने वातावरण तयार गर्नुपर्ने ।

(५) चितवनमा कृषकहरूलाई एउटा गोठ सुधार गर्न रू. ५२०० उपलव्ध गराउने क्रियाकलाप तुरून्त वन्द गरिनुपर्ने ।

(६) नेपाल कृषि अनुसन्धान परिषद्को भूमिका प्रष्ट पार्दै जोन कार्यालय, चितवनसँग सहकार्य गर्ने व्यवस्था गर्ने ।

(७ बढ्दो यान्त्रिकरणले गर्दा ठूलो कित्तामा खेती गर्न सम्भव हुने समय रहेकोले चक्लावन्दीमा खेती गर्नका लागि वातावरण तयार गर्न कृषि विकास मन्त्रालयले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने ।

(८) परियोजना कार्यान्वयन ईकाई, चितवनले तरकारी उत्पादकहरूलाई विक्रेताको तर्फबाट खरिद गर्ने सुनिश्चितता गराउने वातावरण तयार गर्नुपर्ने ।

## ८) मोहना पूल डोकेबजार बेलौरी बेलडांगी दैजी सडक (शुक्लाफाँट वन्यजन्तु आरक्षणमा पर्ने हुलाकी राजमार्गको खण्ड)

**समस्याहरु**

- शुक्लाफाट वन्यजन्तु आरक्षण भित्र पर्ने १४ कोलोमिटर सडक निर्माणको कार्यमा ४र५ मिटर चौडाईलाई नै पिच गर्ने भनि स्वीकृती आएको तर आयोजनाको डिजाइन आनुसार १२ मिटर चौडाई गर्नुपर्ने भएकोले सो क्षेत्र भित्रको सडक निर्माणको कार्यमा कठिनाई भएको,

- पूरै ६२ कोलोमिटर भित्र विजुलीका पोलहरु पर्ने तर सो पोलहरु व्यवस्थापनको लागि छुटै वजेट र कार्यक्रम नभएको हुदाँ पोलहरु स्थानान्तरण नगरिएको र विच सडकमै रहेको छ,

- वेलौरी बेलडाँडी वजारमा रोडको छेउवाट र विचवाट पानीको लाईन पर्ने भएकोले सडक हिलाम्य भएको,
- बाबा हंस सिद्दिशाही जे.भी ले ४५५ भौतिक कार्यप्रगति गरेको तर सम्पर्क विहिन भएकोले ७ दिन भित्र स्पष्टिकरण सहित सम्पर्कमा आउन सूचना प्रकाशन गरिएको र कार्यसम्पादनमा ढिलाई हुने देखिन्छ,
- नाली निर्माणमा प्रयोग गरिएको रडहरु एकदम मसिनो र अहिले रड बाँध्दा खेरिनै भाचिने जस्ता छन् जसले कमसल सामाग्री प्रयोग भएको देखिन्छ,

**समाधानको उपायहरु र सुझावहरु**

- शुक्लाफाट वन्यजन्तु आरक्षण भित्र पर्ने १४ कोलोमिटर सडक निर्माणको कार्यमा आयोजनाको डिजाइन आनुसार १२ मिटर चौडाई गर्नुपर्ने देखिएकोले सो सम्वन्धीत निकायहरु विच समन्वय गरी आवश्यक पहल गर्नुपर्ने,
- पूरै ६२ कोलोमिटर भित्र विजुलीका पोलहरु पर्ने भएकोले सो पोलहरु व्यवस्थापनको लागि छुटै वजेट र कार्यक्रममा समावेश गर्ने,
- वेलौरी बेलडाँडी वजारमा रोडको छेउवाट र विचवाट पानीको लाईन पर्ने भएकोले सोको व्यवस्थापन समयमै गर्नुपर्ने,
- मजबुद र टिकाउ हुने निर्माण सामाग्रीहरुको प्रयोग गर्नुपर्ने,
- ठेक्का कम्पनीहरुले गरेको कार्यउपर आयोजना प्रमुख स्वंयमले समय समयमा अनुगमन निरिक्षण गरिरहनुपर्ने देखिन्छ ।

## १२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण

| क्र.सं. | मन्त्रालय/निकायको नाम | मिति |
|---|---|---|
| १. | सहरी विकास मन्त्रालय | २०७५/०४/१४ |
| २. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २०७५/०४/२३ |
| ३. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०७५/०४/२९ |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७५/०४/२९ |
| ५. | रक्षा मन्त्रालय | २०७५/०४/२९ |
| ६. | कृषि तथा पशुपंक्षी  विकास मन्त्रालय | २०७५/०४/३० |
| ७. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७५/०४/३० |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७५/०५/०१ |
| ९. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७५/०५/०३ |
| १०. | गृह मन्त्रालय | २०७५/०५/०३ |
| ११. | खानेपानी मन्त्रालय | २०७५/०५/०३ |
| १२. | वन तथा वातावरण मन्त्रालय | २०७५/०५/०५ |
| १३. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७५/०५/५ |
| १४. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५/०५/०६ |
| १५. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७५/०५/६ |
| १६. | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०७५/०५/०७ |
| १७. | अर्थ मन्त्रालय | २०७५/०५/०७ |
| १८. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७५/०१/०७ |
| १९. | युवा तथा खेलकूद मन्त्रालय | २०७५/०५/०८ |
| २०. | राष्ट्रिय योजना आयोग | २०७५/०५/०८ |
| २१. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७५/०५/१२ |